# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## पनौती नगरपालिका

### काभ्रेपलाञ्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## पनौती नगरपालिका
### काभ्रेपलाञ्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पनौती नगरपालिका

### काभ्रेपलाञ्चोक

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. १६०

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

## कैफियत सहितको राय

हामीले पनौती नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३० करोड ३४ लाख २२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१८ करोड ४७ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८ करोड ६४ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू.३ करोड २१ लाख ५९ हजार र पेस्की रू.१ लाख रहेको छ । पालिकाको गत वर्षसम्म रू.२५ करोड ९७ लाख २ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.५६ करोड ३१ लाख २४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४.	आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(श्याम प्रसाद भण्डारी)**
**नायब महालेखापरीक्षक**

## पनौती नगरपालिका, काभ्रपलाञ्चोक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | १२६ | ३०३४२२ | ० | ० | ० | ४८ | १२६ | ३०३४२२ | १८४७०५ | ३२१५९ | ८६४५८ | ० | ० | ११८६१७ | १०० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २६०००१ | ० | २९९ | २५९७०२ | ० | ३०३४२२ | ५६३१२४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रणराज न्यौपाने | २०७९-३-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रदिप पौडेल | २०७८-१०-५ | २०७९-३-१६ |
| कार्यालय प्रमुख | राम प्रसाद वाग्ले | २०७७-८-१० | २०७८-९-२६ |
| लेखा प्रमुख | कृष्ण प्रसाद सैंजू | २०५४-१-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३०३,४२१,५५४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३८,८७,६०,५८१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६३,५६,२८,११८ | **चालु खर्च** | ७७,२९,१४,२६५ |
| **प्रदेश सरकारबाट अनुदान** | ८,१६,१६,०७५ | **पूँजीगत खर्च** | ६७,६०,६६,४३२ |
| **राजश्व बाँडफाँट** | १३,३८,५२,४४५ | **वित्तीय/अन्य व्यवस्था** | २,५३,२७,६५३ |
| **आन्तरिक आय** | ३२,१०,८६,४३७ | | |
| **अन्य आय** | ४,१५,४४,०८२ | | |
| **कुल आय** | १,२१,३७,२७,१५७ | **कुल खर्च** | १,४७,४३,०८,३५० |
| **बाँकी मौज्दात** | | १२,८१,७९,३८८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला अर्न्तगतको यस पनौती नगरपालिकामा १२ वडा ६३ सभा सदस्य, ११८ वर्ग किलोमिटर क्षेत्रफल तथा ४६५९५ जनसङ्ख्या रहेको छ ।<br><br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसँग सम्बन्धित विवरणहरु तथा नेपालका महालेखापरीक्षकले जारी गरेको नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसँग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायत सम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुल**<br>लेखापरीक्षणको क्रममा औंल्याइएको बेरुजु रु.८७०८२।- असुल भई दाखिला भएको छ । | |
| ३ | | | **स्थानीय सञ्चित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | १३४४९९२७७७.०० | १०२७३७६२८९.४३ | | १०२७३७६२८९.४३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | १२८६८२७५२७.०० | ९९३६११२४१.०४ | ०.०० | ९९३६११२४१.०४ |
| ११००० कर | ४५२९५५६८३.०० | ३७३०७१८१७.४५ | ०.०० | ३७३०७१८१७.४५ |
| १३००० अनुदान | ६०३४८००००.०० | ५३७२९८६४५.०२ | ०.०० | ५३७२९८६४५.०२ |
| संघीय सरकार | ५२०३९२०००.०० | ४६३९९४९४५.०२ | ०.०० | ४६३९९४९४५.०२ |
| प्रदेश सरकार | ६७१५१०००.०० | ६६८९८३८०.०० | ०.०० | ६६८९८३८०.०० |
| जनसहभागिता | १५९३७०००.०० | ६४०५३२०.०० | ०.०० | ६४०५३२०.०० |
| १४००० अन्य राजस्व | १२५३९१८४४.०० | ८१८६७०६४.६७ | ०.०० | ८१८६७०६४.६७ |
| १५००० विविध प्राप्ति | १००००००.०० | १३७३७१३.९० | ०.०० | १३७३७१३.९० |
| ३३००० दायित्व | १०४००००००.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | ५८१६५२५०.०० | ३३७६५०४८.३९ | | ३३७६५०४८.३९ |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | ५८१६५२५०.०० | १७१७३०२८.३९ | ०.०० | १७१७३०२८.३९ |
| धरौटी | ०.०० | १६५९२०२०.०० | ०.०० | १६५९२०२०.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | २०६८२२२४५०.०० | १२८७९५७४८२.४९ | | १२८७९५७४८२.४९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | २०१००५७२००.०० | १२६५६२९८२८.९९ | | १२६५६२९८२८.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १०५१३४०००.०० | ८१४७४७४०.६३ | ०.०० | ८१४७४७४०.६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ५५०२८९०००.०० | ४३५९२२१३४.३६ | ०.०० | ४३५९२२१३४.३६ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | २८००००००.०० | २८००००००.०० | ०.०० | २८००००००.०० |
| २५००० सहायता (Subsidy) | ३०००००.०० | २९९९७८.०० | ०.०० | २९९९७८.०० |
| २६००० अनुदान | १४७०००००.०० | १४४०००००.०० | ०.०० | १४४०००००.०० |
| २७००० सामाजिक सुरक्षा | ९२७०००००.०० | ४४१००००.०० | ०.०० | ४४१००००.०० |
| २८००० अन्य खर्च | ११०५१००००.०० | ३६७७४२३९.०० | ०.०० | ३६७७४२३९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ११८८८५४२००.०० | ६६१३४८७३७.०० | ०.०० | ६६१३४८७३७.०० |
| ३२००० वित्तीय सम्पत्ति | ०.०० | ०.०० | ०.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३३००० दायित्व | ३००००००.०० | ३००००००.०० | ०.०० | ३००००००.०० |
| घ. अन्य भूक्तानी | ५८१६५२५०.०० | २२३२७६५३.५० | | २२३२७६५३.५० |
| कोषहरु | ५८१६५२५०.०० | १३५१३९२४.०० | ०.०० | १३५१३९२४.०० |
| धरौटी | ०.०० | ८८१३७२९.५० | ०.०० | ८८१३७२९.५० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | -७२३२२९६७३.०० | -२६०५८११९३.०६ | | -२६०५८११९३.०६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३८८७६०५८१.१२ | | ३८८७६०५८१.१२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -७२३२२९६७३.०० | १२८१७९३८८.०६ | | १२८१७९३८८.०६ |
| बैंक तथा नगद बाकी | | १२८१७९३८८.०६ | | १२८१७९३८८.०६ |

पालिकाले पेश गरेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA)बमोजिमको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) मा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन्

| ब. उ. शि. नं. | बजेट | खर्च |
|---|---|---|
| ३१४०१०१२३ | १७२३४९४९६ | १७१६३३१७३ |
| ३५०००११८३ | १५००००० | ० |
| ३३७०००११४ | ६५००००० | ६४९८६९५ |
| ३५०००११८४ | ८२१९००० | ८२१९००० |
| **जम्मा** | **१८८५६८४९६** | **१८६३५०८६८** |

४

**वित्तीय विवरण विश्लेषण**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरिक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरे तापनि सबै आर्थिक कारोवारलाई समेट्न सकेको छैन। जसकारण

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वित्तीय विवरणले पालिकाको यथार्थ आय व्ययको चित्रण गरेको छैन ।<br>• पालिकाले अन्तरसरकारी अख्तियारीलाई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा आवद्ध गरेको छैन । अन्तरसरकारी अख्तियारीलाई समेत सुत्र प्रणालीमा आवद्ध गर्नुपर्दछ । | |
| ५ | | | **बढी जिम्मेवारी**<br>गत वर्षको लेखापरीक्षण प्रतिवेदनबाट रु.३३ करोड ६४ लाख ६७ हजार १६६ अन्तिम मौज्दात देखिएकोमा यस आ.व. मा उक्त रकम जिम्मेवारी सार्नुपर्नेमा यस वर्ष रु.३८ करोड ८७ लाख ६० हजार ५८१ मौज्दात सारेको देखिएकाले रु.५ करोड २२ लाख ९३ हजार ५१५।— बढी मौज्दात सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आःआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवाप्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडा कार्यालयमा खरिद गरेका सामान पालिकाको मुल जिन्सीमा आम्दानी नबाँधी वडामै दाखिला गरेको तथा जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन भने सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्नेमा बजेट खर्च गर्दा तलवी प्रतिवेदन पारित गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेकोनपाइएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नपाइएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• उपभोक्ता समितिमार्फत भएका कुनै पनि काममा प्रयोग भएका खरिद सामग्रीका विल, एक्साभेटर प्रयोगको विल, ज्याला, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामानको ढुवानी आदिमा कर कट्टी नगरेको ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>क्षेत्रगत बजेट तथा खर्च स्थिति<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उपक्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१५२२१८०००</td><td>७६७८०५६१</td><td>५०.४४</td></tr>
<tr><td>२</td><td>सामाजिकविकास</td><td>६२४८९३७००</td><td>४६८४१३७४६.५२</td><td>७४.९५</td></tr>
<tr><td>३</td><td>पूर्वाधारविकास</td><td>८१९६५८५००</td><td>४८७१२३९२६</td><td>५९.४३</td></tr>
<tr><td>४</td><td>सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र</td><td>६०४५४०००</td><td>१८२३४८२१</td><td>३०.१६</td></tr>
<tr><td>५</td><td>कार्यालयसञ्चालन तथा प्रशासनिक</td><td>३५२८३३०००</td><td>२१५०७६७७४.४७</td><td>६०.९६</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>२०१००५७२००</td><td>१२६५६२९८२८.९९</td><td>६२.९६</td></tr>
</table>
क्षेत्रगत खर्चको विवरण अनुसार पालिकाले लक्ष्य अनुसार खर्च गर्न सकेको देखिदैन। कुल वजेट मध्ये ६३ प्रतिशत मात्र खर्च गरेकोले वजेट अनुसार खर्च गरी लक्षित उद्देश्य हासिल गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा लक्ष्य अनुसार प्रगति गर्नुपर्ने उल्लेख छ। जसअनुसार तोकिएको प्रतिशतमा पुजीगत तथा कार्यक्रम खर्च गर्नुपर्नेमा पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा कुल खर्चको ४२ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>पुँजीगत वजेट</th><th>कुल खर्च</th><th>चौमासिक खर्च</th><th>असार महिनाको खर्च</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
|---|---|---|---|---|---|
| कुलपुँजीगतखर्च | ६६१३४८७३७ | ११५०४७५८४ | २७०३०८४६१ | २७५९९२६९२ | १०९९१४५१७ |
| खर्चको प्रतिशत | | १७.४० | ४०.८७ | ४१.७३ | १६.६२ |

९

**योजना र कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क. सं. | विवरण | योजना संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | रु पाँच लाख सम्मका योजना | १२६ | ५८८८० |
| २ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ९० | ८४१०० |
| ३ | दश लाख एक देखि ५० लाख सम्मा योजना | ८८ | २५०८८२ |
| ४ | ५० लाख भन्दा माथिका योजनाहरु | ३१ | ४१४६२४ |
| | जम्मा | ३३५ | ७१६३८६ |

१०

**नक्सा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा २९८ ले नक्सापासको लागि निवेदन दिएकोमा गत विगतमा अनुमति दिएका १०४ समेत कुल १३४ लाइ अन्तिम चरणको नक्सापास सम्पन्न दिएको छ। पालिकाले आफ्नो क्षेत्रिभत्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।

| नक्सापासको लागि निवेदन दिनेको संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th>गत विगतमा अनुमति लिएका मध्ये</th><th>यस वर्ष अनुमति लिएका मध्ये</th><th>जम्मा</th></tr>
<tr><td>२९८</td><td>१९०</td><td>१०४</td><td>३०</td><td>१३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १६ रहेको र यो बर्ष ६ मुद्दा दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई २१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सेवा प्रवाह<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष १५०२ जन्म दर्ता, मृत्यु दर्ता ६०४ वटा, वसाइ सराइ २४५, विवाह दर्ता १०४६, सम्वन्ध विच्छेद ५१ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो। पालिकाले घरवाटो शिफारिश, नागरिकता शिफारिश, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सेवा करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, वगैचे, चौकिदार, कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले यस वर्ष सेवा करारमा राख्न नपाइने कर्मचारीलाइ मात्र रु. ८८ लाख ३३ हजार भुक्तानी भएको अवस्था छ। स्थानीय सरकार वनेको ५ वर्ष पुरा भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) वाट पदपुर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगवाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपुर्ति तर्फ नलागी करार सेवालाई निरन्तरता दिनु उचित देखिएन । अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कार्यक्रमगत लक्ष्य तथा प्रगतिः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शुन्य तथा न्युन प्रगति गरेको छ। न्युन प्रगति गरेका केही उदाहरणहरु यस प्रकार छन्ः
<table>
<tr><th>आयोजनाको नाम</th><th>लक्ष्य</th><th>इकाई</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>नगरपालिका कार्यालयमा थपपुर्वाधार निर्माण कार्य</td><td>१</td><td>संख्या</td><td>७०००</td><td>०</td><td>०</td></tr>
<tr><td>दमकल व्यवस्थापन तथा सञ्चालनकार्य</td><td>१</td><td>संख्या</td><td>६०००</td><td>०</td><td>०</td></tr>
<tr><td>अत्यावश्यक शहरी पुर्वाधारनिर्माणको लागि जग्गा व्यवस्थापन कार्य</td><td>१</td><td>पटक</td><td>२०५००</td><td>०</td><td>०</td></tr>
<tr><td>कुशादेवी स्वास्थ्य चौकी जग्गाब्यबस्थापन तथा बाकी निर्माण</td><td>१</td><td>गोटा</td><td>२७००</td><td>०</td><td>०</td></tr>
<tr><td>कलाती भुमिडाडा स्वास्थ्य चौकीबाकी निर्माण</td><td>१</td><td>पटक</td><td>२०००</td><td>०</td><td>०</td></tr>
<tr><td>प्राथमिक स्वास्थ्य केन्द्रसुन्थान तल्ला थप</td><td>१</td><td>संख्या</td><td>२०००</td><td>०</td><td>०</td></tr>
<tr><td>डिजिटल प्रोफाइल तयार गर्नेकार्य</td><td>१</td><td>पटक</td><td>२०००</td><td>०</td><td>०</td></tr>
<tr><td>पनौती नगर अस्पताल निर्माण</td><td>१</td><td>संख्या</td><td>१००००</td><td>०</td><td>०</td></tr>
<tr><td>पुण्यमाता पुलनिर्माण/पञ्चेकाो बगैंचा</td><td>१</td><td>संख्या</td><td>१०५००</td><td>०</td><td>०</td></tr>
<tr><td>मानेदोभान मुरलिखोला रानिकोटसडक</td><td>१०००</td><td>मि.</td><td>११२००</td><td>०</td><td>०</td></tr>
<tr><td>ठाडोबाटो सल्ले मोटरबाटो</td><td>१०००</td><td>मि.</td><td>४०००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ड्यामसाइड भालेश्वर पुलबैकल्पिक मोटरबाटो | ६०० | मि. | ५२३८ | ० | ० | |
| | | | दुरसंचार न.पा चोक राधाकृष्णचोक मोटरबाटो कालोपत्रे | ५०० | मि. | ४००० | ० | ० | |
| | | | त्रिबेणीघाट भण्डारी गाउँखोपासी करिडोर | १९६४ | मि. | ७५२० | ० | ० | |
| | | | महन्त टोल देखि लड्केश्वोरप्रा.वि. चोकसम्म सडक स्तरोन्नती कार्य | ५०० | मि. | ६९५६ | ० | ० | |
| | | | सिम्ला बगर कलाँती मोटरबाटोढलान | १२०० | मि. | ८००० | ३०७ | ३.८४ | |
| | | | लिलावती बृहत सिचाई ४,७ र ८ | १००० | मि. | १०००० | ० | ० | |
| | | | फोहोरमैला ब्यबस्थापन ४,६,७,र८ | ८०० | मि. | ९००० | ६५ | ०.७२ | |
| | | | सम्पदा संरक्षण तथा विकास | २० | संख्या | १०००० | ० | ० | |
| | | | त्रिवेणीघाट खोपासी रोशीखोलाकरिडोर | १ | संख्या | ९६०० | ० | ० | |
| | | | त्रिवेणीघाट खोपासी बैकल्पिकमोटरबाटो | ५०० | मि. | ५००० | ० | ० | |
| | | | भालेश्वर चालिसे बोक्सेदहनयापुल लिलावती करिडोर | १००० | मि. | ३४५० | ० | ० | |
| | | | भालेश्वर चालिसे बजार मोटरबाटो | ८५० | मि. | ४२५० | ० | ० | |
| | | | काभ्रे भ्याली एकिकृत खानेपानीमर्मत सम्भार | १ | संख्या | ५५०० | ० | ० | |
| | | | एकीकृत खानेपानी योजनाबन्चरेटार | १ | संख्या | २०५३ | ० | ० | |
| | | | स्वास्थ्य भवन निर्माण पनौती ७ | १ | संख्या | १०००० | ० | ० | |
| | | | विपद् व्यवस्थापन कार्य | १ | N/A | ४६५३ | ० | ० | |
| | | | सहिद पार्क निर्माण | १ | संख्या | ४३९५ | ० | ० | |
| | | | गुडगुडे लिफ्ट खानेपानी योजना | १ | संख्या | ५००० | ३५० | ७. | |
| | | | रुप्सेटार मोटरबाटो | ६०० | मि. | ३००० | ० | ० | |
| | | | पनौती बाँस्डोल भैसेपाटी बनेपासडक | १००० | मि. | १४९४९ | ० | ० | |
| | | | खड्यांगखुड्ग मोटरबाटो | ५०० | मि. | २५०० | ६२ | २.५ | |
| | | | बसपार्क कप्लेक्स पछाडीमोटरबाटो | ७५ | मि. | १५०० | ७५ | ५. | |
| | | | मयलवोट ठूलो दोवाटो सडकस्तरोन्नती कार्य पनौती ५ | २५० | मि. | ५००० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| श्रीराम मन्दिर ट्रष्ट ,धारो,सौचालय निर्माण | १ | संख्या | २००० | ० | ० |
| बैकिल्पिक सडक गाेरखनाथ खड्पुसडक स्तरोन्नती कार्य, पनौती ६ र ५ | ५०० | मि. | ३७८२ | ० | ० |
| पुरातात्विक शैलीमा स्वास्थ्यभवन निर्माण कार्य | १ | संख्या | १०००० | ० | ० |
| पिपलबोट रातपोखरी सडकस्तरोन्नति | ५०० | मि. | ४००० | १८ | ०.४६ |
| दाहालटार खानेपानी योजना | १ | संख्या | २००० | ० | ० |
| लड्कु खोला देखि टोड्के सम्मपक्कि ड्रेन तथा उकालो ढलान तथा ढुंगा सोइलिंग | ५०० | मि. | ५००० | ० | ० |
| ख्याकु पस्थली टोड्के मोटरबाटोस्तरोन्नती | १००० | मि. | १४८६३ | ७७ | ०.५२ |
| राेशी चिण्डु चालिसेमोटरबाटो पनौती १२ | ६०० | मि. | ३००० | ० | ० |
| बादलपाखा पुल निर्माण | १ | संख्या | २००० | ० | ० |
| नेपाल सरकार समपुरक योजना | २००० | मि. | २०००० | ० | ० |
| नेपाल सरकार समपुरक योजना | २००० | मि. | २०००० | ० | ० |
| न्युनतम बिजुली महशुल अनुदानकार्यक्रम | ५००० | संख्या | ४८०० | ० | ० |
| विपद व्यवस्थापन कार्य | १ | पटक | १०००० | ३०१ | ३.०२ |
| अस्पतालजन्य औषधि उपकरणप्रयोगशाला सामाग्री | १ | पटक | ५००० | ० | ० |
| चिकित्सक, स्वास्थ्यकर्मी रजनशक्ति ब्यबस्थापन | १ | पटक | २९०० | ० | ० |
| प्रजननका लागी मुर्रा ऋसराँगो खरिद | ६ | गोटा | २४०० | ० | ० |
| प्रजनन योग्य बाख्रा वितरण | १५० | पटक | १५०० | ० | ० |
| सदस्य, सहकारी संस्था रन.पा.को आपसी सहकार्यमा स्वास्थ्य वीमा कार्यक्रम | १ | पटक | ३९७५ | ० | ० |

जसअनुसार दमकल व्यवस्थापन तथा सञ्चालनकार्यमा रु ६० लाख वजेट व्यवस्था गरेकोमा काम गरेको छैन। वस्ती धेरै भएको शहरी क्षेत्र तथा अन्य क्षेत्रमा आगलागी भएमा क्षति न्यनिकरण गर्न दमकल व्यवस्थापन गर्नुपर्नेमा उक्त काम गरेको देखिएन। साथै विभिन्न ठाउमा स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्र वनाउने गरी कार्यक्रम तय गरेकोमा खर्च नभएको कारण

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शुन्य प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार खर्च गरी तोकिएको प्रगति हासिल गर्नुपर्ने देखिन्छ। | |
| १५ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>कर्मचारी प्रोत्साहन भत्ता स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा संवन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलव स्केल प्रदेश सरकारले तोकेवमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेवमोजिम हुने व्यवस्था छ । पालिकामा कार्यरत विभिन्न कर्मचारीलाई देहायअनुसार प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । संघीय कार्यालयहरुलाई प्रोत्साहन उपलव्ध गराउदा अर्थ मन्त्रालयले कार्यालय समयनै ९ देखि ६ वजेसम्म दिनको २ घण्टा वढाएको र प्रोत्साहन भत्ता भुक्तानी गर्दा अनिवार्य रुपले विद्युतिय हाजिरी गरी सोही अनुसार मात्र प्रोत्साहन उपलव्ध गराउने उल्लेख गरेको छ । तर यस पालिकाले विद्युतिय हाजिरी लागु भएको छैन । पालिकाले देहायअनुसार भत्ता भुक्तानी गरेकाे छः<br>• प्रोत्साहन भत्ता वापत पालिकाले चालु खर्च शिर्षकवाट कुल १२१ कर्मचारीलाइ रु ८००९८०९। भुक्तानी गरेको छ।<br>• पालिकाले प्रोत्साहान भत्ता उपलव्ध गराउँदा वोर्ड वैठकवाट पटके रुपमा निर्णय नगरी आफ्नो दिर्घकालिन रुपमा आन्तरिक आयको सुनिश्चित हुने गरी निश्चित कार्यविधी मापदण्ड वनाई उत्पादकत्व वृद्धीको सुनिश्चित हुने भएमा मात्र प्रोत्साहान भत्ता उपलव्ध गराउनुपर्ने देखिन्छ। | |
| १६ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा नआएकोः**<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन।यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>खर्च बिश्लेषण<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २२ करोड ८५ लाख २५ हजार राजस्व बाँडफाँटवाट रु २३ करोड ३६ लाख ५३ हजार तथा संघ/प्रदेशको अनुदानबाट रु. ५३ करोड ८ लाख ९२ हजार समेत रु.१ अर्व २९ करोड ८४ लाख आम्दानी भएकोमा चालु तर्फ रु. ६० करोड १३ लाख र पूँजिगत तर्फ रु ६६ करोड १३ लाख खर्च भएको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९५ लाख ५२ हजार खर्च भएको छ । वजेटको तुलनामा ६३ प्रतिशत मात्र खर्च भएको छ । चालु खर्च ६० करोड भएको देखिएकोले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>वित्तीय समानीकरणवाट चालू खर्च<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व वाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छभने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमाखर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु ३करोड ८४ लाख ५२ हजार वजेट राखी रु ३ करोड ११ लाख ४ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व वाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>खर्च संकेत नं</th><th>खर्च शिर्षक</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>२२३१९</td><td>अन्यकार्यालय संचालन खर्च</td><td>८०००००</td><td>५७१३९५</td></tr>
<tr><td>२२५२२</td><td>कार्यक्रमखर्च</td><td>३४०५२०००</td><td>२६९३३०२१</td></tr>
<tr><td>२६४११</td><td>सरकारीनिकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान</td><td>३६०००००</td><td>३६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८४५२०००</td><td>३११०४४१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>फरक शीर्षकमा मु.अ. कर दाखिलाः<br>एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या, २०७४ अनुसार नेपाल सरकार वा दर्ता नभएको निकायले मु .अ.कर लाग्ने</td><td>२०,१४१,७३५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
वस्तु वा सेवाको कारोवार गर्दा शिर्षक ३३३१७ मा मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा कार्यालयले शिर्षक नं३३३१४ मा करदाताको प्यान नं उल्लेख गरी देहायको आयठेक्काको मुअकर दाखिला गरेको छ। जसले गर्दा खरिद र विक्रि गर्दा बुझाउने राजस्व शिर्षक एउटै हुन गई विक्रेताले विक्रिमा तिर्नुपर्ने राजस्वसँग आन्तरिक राजस्व विभागको सफटवेयरमा स्वतः समावेश हुने र उक्त खरिदमा तिरेको राजस्व विक्रिमा तिर्नुपर्ने करमा स्वतः मिलान हुन्छ। यस सम्वन्धमा आन्तरिक राजस्व विभागले समेत मिति २०७३।८।२२ को पत्रवाट दोहोरो सुविधा लिनसक्ने भएकोले रकमको दुरुपयोग हुने हुदा अनिवार्य रुपमा सम्वन्धित शिर्षकमा नै वुझाउने गरी परिपत्र गरेको देखिन्छ । तर कार्यालयले ३३३१४ बाट मु अ कर शिर्षक फरक पारी भुक्तानी गरेकोले राजस्व शिर्षक फरक परेकोले ३३३१७ मा रु २०१४१७३५। को हिसाव मिलान गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>आय संकलक</th><th>ठेक्का</th><th>ठेक्का नं.</th><th>रकम</th><th>मु.अ. कर</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शिवश्री निर्माण सेवा, भोटेचौर</td><td>बिक्री कर/ स्रोत उपयोग कर</td><td>१/IR/२०७८/०७९</td><td>६१६९८०००</td><td>७०९८०००</td><td>प्रथम र दोस्रो किस्तामा संकलित मु अ कर</td></tr>
<tr><td>२</td><td>सुदिपा ट्रेडिङ कम्पनी प्रा लि, बल्खु</td><td>नदिजन्य पदार्थ संकलन</td><td>२/IR/२०७८/०७९</td><td>६१२८९१४०</td><td>७२२२२८०</td><td>" "</td></tr>
<tr><td>३</td><td>राजेन्द्र जोशी सप्लायर्स, बनेपा</td><td>बैकल्पिक सडक निर्माण दस्तुर</td><td>३/IR/२०७८/०७९</td><td>५०६०१८८०</td><td>५८२१४५५</td><td>" "</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२०१४१७३५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
आय ठेक्का<br>
पालिकाले आफ्नो क्षेत्रभित्रका खानीबाट निस्कने खानीजन्य पदार्थको निकासी लगायतको लागि निम्नानुसारका ठेक्का लगाएको छ। उक्त ठेक अंक लाई ४ किस्तामा विभाजन गरी दाखिला गर्नुपर्ने अवधि तथा किस्ता रकम तोकिएकोमा आय संकलकहरुले प्रथम तथा दोस्रो किस्ता बुझाएको तथा विभिन्न समयमा भएको विभिन्न कारणले बाटो बन्द भएको कारणले सोवापत केही दिनको छुट माग गरी बाँकी तेस्रो र चौथो किस्ता लेखापरीक्षण अवधिसम्म पनि दाखिला भएको नदेखिएकाले उक्त रकम तथा नियमानुसार लाग्ने जरिवानासमेत आय संकलकबाट नियमानुसार असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>आय संकलक</th><th>ठेक्का</th><th>ठेक्का नं.</th><th>रकम मु अ करसहित</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शिवश्री निर्माण सेवा, भोटेचौर</td><td>बिक्री कर/ स्रोत उपयोग कर</td><td>१/IR/२०७८/०७९</td><td>६१६९८०००</td><td>तेस्रो र चौथो किस्ता</td></tr>
</table>
</td><td>१७५,०७२,२८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>सुदिपा ट्रेडिङ कम्पनी प्रा लि, बल्खु</td><td>नदिजन्य पदार्थ संकलन</td><td>२/IR/२०७८/०७९</td><td>६२७७८२८०</td><td>" "</td></tr>
<tr><td>३</td><td>राजेन्द्र जोशी सप्लायर्स, बनेपा</td><td>बैकल्पिक सडक निर्माण दस्तुर</td><td>३/IR/२०७८/०७९</td><td>५०५९६०००</td><td>" "</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७५०७२२८०</td><td></td></tr>
</table>
यस सम्बन्धमा छलफल गर्दा आय संकलकले छुट माग गरी निवेदन दिएको तर पालिकाले छुट नदिएको कारण अदालतमा मुद्दा दायर गरेको जनाएको छ । तर तेस्रो र चौथो किस्तासमेत समयमा दाखिला नगरेकोले बाँकी रकममा नियमानुसार व्याज तथा जरिवानासमेत यकिन गरी असुल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>खाना खाजा खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ३५ लाख ९९ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>रकमान्तर<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकवाट पुँजीगत शिर्षकमा २५ प्रतिशत रकमान्तर गर्न सक्ने उल्लेख छ। पालिकाले यस वर्ष चालु खर्च शिर्षकवाट रु ७ करोड ६६ लाख ३ हजार तथा वाँकी पुजीगत खर्च शिर्षकवाट समेत कुल रु ३९ करोड ३० लाख ६४ हजार रकमान्तरवाट घटाइ गत वर्षको मौज्दात वाँकी समेतको रकमवाट विभिन्न ३५२ कार्यक्रममा रु ७० करोड ३० लाख ९५ हजार रकम थप गरेको छ। जसमा चालु तर्फ ७० कार्यक्रममा रु ७ करोड ६६ लाख ३ हजार रकमान्तरवाट थप गरेको छ भने वाँकी रकम पुजीगत शिर्षकमा रकमान्तर गरेको छ। वजेट वनाउँदा शुरुमा भैपरी आउने चालु तथा पुजीगत शिर्षकमा रु १ करोड ४२ लाख ५० हजार वजेट राखेकोमा रकमान्तरवाट उक्त रकम घटाएको छ। रकमान्तर गरी थप गरेका मुख्य केही कार्यक्रमहरु देहायअनुसार रहेका छन्:<br>
रकम रु हजारमा
<table>
<tr><th>थप भएका मुख्य योजनाहरुको नाम</th><th>रकमान्तरवाट थप गरेको रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | |
|---|---|
| मकरमेला व्यवस्थापन कार्य | ७८०० |
| डिजिटलप्रोफाइल तयार गर्ने कार्य | २००० |
| नगरपालिकाबाटप्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाउन आइ सि टि सम्बन्धी कार्य(लिसा सम्बन्धीकार्य समेत | २०००० |
| फर्निचरतथा फिक्चर्स | २५०० |
| मेशीनरी तथा औजार | १५०० |
| पुण्यमाताकरिडोर(बैकल्पिक सडक) | ३०६०० |
| पुण्यमाता पुल निर्माण/पञ्चेकाेबगैंचा | २०००० |
| सम्पदा क्षेत्र संरक्षण बिकासतथा प्रोत्साहन | १५००० |
| पनौती नगरपालिका ३ नं. वडाकार्यालय भवन निर्माण कार्य | १२१४८ |
| आन्तरिक ऋणको ब्याज | १२००० |
| पुण्यमाता ढल निकास | १२००० |
| बैकल्पिक सडक निर्माण | ११९०० |
| लिलावती बृहत् सिंचाई योजना | ११५०० |
| मानेदोभान मुरलिखोला रानिकोटसडक | ११२०० |
| पुण्यमाता ढल निकास, पनाैती ६ | १०३३८ |
| त्रिवेणीघाट, संकटा तथा तरकारीबजार पैदल यात्री पुल निर्माण | १०००० |
| त्रिवेणीघाट संकता तथा पनौतीगेटबाट तरकारी बजार जाने पैदल यात्रु पुल निर्माण कार्य | १०००० |
| भालेश्वर चालिसे बोक्सेदहनयापुल लिलावती करिडोर | १०००० |
| स्वास्थ्य भवन निर्माण पनौती ७ | १०००० |
| लिलावती बृहत सिचाई ४,७ र ८ | १०००० |
| पुरातात्विक शैलीमा स्वास्थ्यभबन निर्माण कार्य | १०००० |
| गुर्दुम डाँडा नागी भ्यूटावरनिर्माण | १०००० |
| पारिश्रमिक कर्मचारी | १०००० |
| पनौती नगर अस्पताल निर्माण | १०००० |
| नागीडाँडाभ्यु टावर निर्माण | ५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>स्थानीयपाठ्यक्रम विकास तथा पाठ्यपुस्तक</td><td>३१००</td></tr></table>यसमा देखिएका थप व्यहोरा देहायअनुसार छन्ः<br>• पालिकाले दुइ भ्यु टावर निर्माणको लागि रु १ करोड ५० लाख वजेट रकमान्तरवाट थप गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (घ) मा आयोजना वा कार्यक्रमको लागि वजेट प्रस्ताव गर्दा वढी प्रतिफल वा उपलव्धी प्राप्त हुने, तुलनात्मक लाभ वढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने उल्लेख भएकोमा उक्त योजनाहरुवाट प्राप्त प्रतिफलको मापन नगरी वजेट अन्त्पादक क्षेत्रमा वजेट विनियोजन गर्नु उचित देखिएन।<br>• पालिकाले डिजिटलप्रोफाइल तयार गर्ने कार्य तथानगरपालिकाबाटप्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाउन आइ सि टि सम्बन्धी कार्य(लिसा सम्बन्धीकार्य समेत) नामक कार्यक्रममा रु २ करोड २० लाख वजेट रकमान्तर गरी थप गरेको छ। परामर्शदातावाट गरिने उक्त कामको प्रतिफलको प्रतिफलको सुनिश्चितता हुने गरी कार्ययोजना वनाइ क्रियाकलापहरु अगाडी वढाउनुपर्नेमा पर्याप्त अध्ययन विश्लेषण वेगर वजेट थप गरी कार्यक्रम तयार गरेको देखिन्छ। परामर्शदातावाट भएको उक्त काम कार्यान्वयनमा ल्याएर सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्दि गर्नुपर्ने देखिन्छ।<br>• मकरमेला व्यवस्थापन कार्यमा रकमान्तरवाट रु ५० लाख थप गरी कुल रु ३ करोड ५० लाख वजेट कायम भएको छ। उक्त वजेट पुजीगत शिर्षकमा राखीएकोमा यसवाट चालु प्रकृतिका कामहरु समेत भएका छन् । शिर्षक फरक पारी गरिने खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| २३ | | | **आन्तरिक आय**<br>**आन्तरिक आयको अनुमान तथा प्रगतिः** पालिकाको आ व २०७८।७९ को आय व्ययको बिबरण अनुसार आन्तरिक आय तर्फ रु १ अर्व १७ करोड ८३ लाखको अनुमान गरेकोमा ४४.७७ प्रतिशत मात्र प्रगति भएको छ। देहायका केही शिर्षकहरुमा रकम प्राप्ति नै भएको छैन भने अन्य संस्थाहरूबाट ऋण प्राप्ति शिर्षकमा रु १० करोड ४० लाख आय उल्लेख भएकोमा यस वर्ष ऋण प्राप्ती नै भएको छैन । जसले गर्दा तोकिएको कार्यक्रमहरु संचालन हुन नसकेको अवस्था छ। आन्तरिक आयको अनुमानलाइ यथार्थपरक वनाई लक्ष्य अनुसार प्रगति हासिल गर्न पालिकाले ठोस कदम चाल्नुपर्ने देखिन्छ।<table><tr><th>आन्तरिक आय</th><th>अनुमान</th><th>प्रगति</th><th>प्रगति प्रतिशत</th></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आन्तरिक आयतर्फ जम्माः | १,१७,८२,७५,५१७.०० | ५२,७५,६१,४७७.२७ | ४४.७७ |
| ११३१३ एकीकृत सम्पती कर | १,००,००,०००.०० | १,२९,३७,३१३.३९ | १२९.३७ |
| ११३१४ भुमिकर/मालपोत | १,२५,०००.०० | १,१७,४०७.५० | ९३.९३ |
| ११३२१ घरवहाल कर | २५,००,०००.०० | २७,७१,०१४.५३ | ११०.८४ |
| ११३२२ वहाल विटौरी कर | १,००,०००.०० | ० | ० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १,००,०००.०० | ० | ० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ९,००,०००.०० | १,६५,५२०.०० | १८.३९ |
| ११६९१ अन्य कर | २१,२०,००,०००.०० | १२,४४,८५,६३३.०० | ५८.७२ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २५,००,०००.०० | २६,६७,०२६.७५ | १०६.६८ |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ५०,००,०००.०० | ३०,९१,४३२.७५ | ६१.८३ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २५,००,०००.०० | ३४,५९,०६६.१८ | १३८.३६ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १४,००,०००.०० | ३,३३,६२८.०० | २३.८३ |
| १४२४१ पार्किङ्ग शुल्क | ५,००,०००.०० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ४०,२०,८४४.०० | १३,०७,८४३.९४ | ३२.५३ |
| १४२४३ सिफारिश दस्तुर | ४०,००,०००.०० | ७०,५६,५९१.३५ | १७६.४१ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४,००,०००.०० | ४७,४७०.०० | ११.८७ |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | ३८,७५,६६५.५९ | ७७५.१३ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १५,००,०००.०० | १६,६४,७८६.६८ | ११०.९९ |
| १४५२९ अन्य राजस्व | ९,८०,००,०००.०० | ५,३९,९४,६०१.३१ | ५५.१ |
| १४६११ व्यवसाय कर | ४०,००,०००.०० | ३३,१०,२३१.०० | ८२.७६ |
| १५१११ बेरूजू | १०,००,०००.०० | १३,७३,७१३.९० | १३७.३७ |
| ३२१२२ बैंक मौज्दात | ७२,३२,२९,६७३.०० | ३०,४९,०२,५३१.४० | ४२.१६ |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | १०,४०,००,०००.०० | ० | ० |
| जनसहभागिता | १,५९,३७,०००.०० | ६४,०५,३२०.०० | ४०.१९ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १,५९,३७,०००.०० | ६४,०५,३२०.०० | ४०.१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :** | |
| २३.१ | | | • **मनोरञ्जन कर**:-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।<br>• **जडीवुटी कवाडी र जीवजन्तु कर**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>• **व्यवसाय कर**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र व्यापार, व्यबसाय वा सेवामा पुँजीगत लगानीर आर्थिक कारोबारको आधारमा व्यबसाय कर लगाउन सक्ने ब्यवस्था छ । पालिकाले आफ्नो क्षेत्राधिकार भित्र १२३१८ व्यवसाय दर्ता रहेको भनि विवरण पेश गरेकोमा उक्त दर्ता भएका व्यवसायी मध्ये ३३८४ व्यवसायीले नविकरण गराएका छैनन । दर्ता भएका व्यवसायहरुको पुर्ण रुपमा अभिलेख राखी कर संकलन गर्न, नविकरणको लागि ताकेता गर्न तथा दर्ता नभएकालाइ दायरामा ल्याउन तदारुकता देखाउनुपर्ने तथा प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ ।<br>• **घर जग्गा बहाल कर**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा पालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने उल्लेख छ । कार्यालयले वहाल कर सम्बन्धमा घरधुरीसर्वेक्षणगरी घर वहालमा लगाउने घरधनिको तथ्यांक संकलन नगरेकोले यसमा ध्यान दिइ आन्तरिक श्रोतमा वृद्दि गर्नुपर्ने देखिन्छ।<br>• **सम्पत्ति कर तथा भुमिकर**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ र ५६ अनुसार घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी जग्गाहरुमा भूमिकर लगाउनुपर्ने उल्लेख छ। पालिकाभित्र कुल कति व्यक्तिको घर जग्गा छ, कुल प्राप्त गर्नुपर्ने सम्पत्ति कर तथा भूमिकर कति हो, सम्पत्ति करको हालसम्मको वक्यौता कति छ सो को जानकारी पालिकालाई नै छैन । सम्पत्ति कर तिर्न आउने करदाता स्वेच्छिक रुपमा आएको खण्डमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आम्दानी गर्ने वाहेक थप कर संकलन गर्न पालिकाले कुनै पनि ठोस पहल गरेको देखिदैन। यसको दायरा विस्तार गरी सवै घर तथा जग्गाधनीलाई करको दायरामा ल्याइ आन्तरिक श्रोत प्रभावकारी वनाउनुपर्ने तथा करदाताको अद्यावधिक विवरण तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>• सम्पत्ति करअसुल नभएकोः आर्थिक ऐन, २०७८ अनुसार पालिकाले तोकिएको दरमा सम्पत्ति कर असुल उठाउनुपर्दछ। प्राप्त विवरण अनुसार श्री उडुवादेवी रोडा ढुंगा उद्योग प्रा लि ले विगत वर्षहरुको वक्यौता र जरिवाना समेत रु ११८७७७६। तथा यस वर्षको थप समेत कुल रु १४२२९९३। सम्पत्ति कर दाखिला नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.</td><td>१,४२२,९९३</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>• अभिलेखिकरणमा कम शुल्क लिएकोः पालिकाको आर्थिक ऐन, २०७८ अनुसार नक्सापास गर्ने प्रयोजनको लागि शुल्क निर्धारण भएको छ। जसअनुसार २०७८।७९ मा २०७२ सालको भुकम्प जानु अघि वनेका लगायतका पहिल्यै वनिसकेका ९ घरको अभिलेखिकरण भएको विवरण पेश भएको छ। स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४२ (घ) मा पुराना घरहरुको हकमा नक्सापास नगरी संरचना वनाएमा तेव्वर दस्तुर लिनुपर्ने व्यवस्था गरेकोले लाग्नुपर्ने शुल्कमा तेव्वर दस्तुर लगाइ शुल्क निर्धारण गर्नुपर्नेमा पालिकाले लाग्ने दस्तुरमा शत प्रतिशत थप शुल्क लिइ नक्सापास गर्ने गरी मिति २०७८ असोज १८ गते कार्यपालिकाले निर्णय गरेको हुँदा थप शत प्रतिशत शुल्क लिइ नक्सापास हुँदा देहायअनुसार कम कर प्राप्ति भएको छ। उक्त कम उठाएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>व्यक्तिको नाम</th><th>ठेगाना</th><th>नक्सापास वापत लिनुपर्ने रकम</th><th>लिएको रकम</th><th>वाँकी रकम</th></tr>
<tr><td>देविका थापा</td><td>पनौती ९</td><td>भ</td><td>१०५६२</td><td>५२८१</td></tr>
<tr><td>विष्णु देवी सोनाम</td><td>पनौती १०</td><td>३२६१३</td><td>२१७४२</td><td>१०८७१</td></tr>
<tr><td>रामलाल भिन्न</td><td>पनौती ४</td><td>१६७५४</td><td>१११६९</td><td>५५८५</td></tr>
<tr><td>गोपाल घिमिरे खत्री</td><td>पनौती ८</td><td>१४९६</td><td>९९७</td><td>४९९</td></tr>
<tr><td>प्रल्हाद पराजुली</td><td>पनौती ४</td><td>१२३०२</td><td>८२०१</td><td>४१०१</td></tr>
<tr><td>विकास लामा तामाङ</td><td>पनौती १०</td><td>१७३१५</td><td>११५४३</td><td>५७७२</td></tr>
<tr><td>सानु कार्की</td><td>पनौती ८</td><td>४७०७</td><td>३१३८</td><td>१५६९</td></tr>
<tr><td>नरेन्द्र वहादुर श्रेष्ठ</td><td>पनौती ४</td><td>२१७२०</td><td>१४४८०</td><td>७२४०</td></tr>
</table></td><td>४२,७२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मोति माया तामाङ</td><td>पनौती ७</td><td>५४३२</td><td>३६२१</td><td>१८११</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१२८१८०</td><td>८५४५४</td><td>४२७२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पेश्की</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>कार्यक्रम पेश्की-<br>बागमती प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्यौंट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्यौंटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>पेश्की फस्यौंटः पेश्की दिएको रकम म्यादभित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु. १७५४००००।- र म्याद नाघेको पेश्की रु.१०००००।- नियमानुसार फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु.
<table>
<tr><th>सि नं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>कर्मचारी भए पद</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>योजना मर्मत सम्भार कार्य</td><td>शुक्रभाइ पोडे</td><td>सहायक चौथौ</td><td></td><td>१०००००.००</td></tr>
<tr><td>२</td><td>सिम्ला बगर कलौंती मोटरबाटो ढलान</td><td>जेरोमाइल कन्स्ट्रक्सन प्रा.लि.</td><td></td><td>९५००००.००</td><td></td></tr>
<tr><td>३</td><td>त्रिबेणीघाट ड्याम बैकल्पिक मोटरबाटो</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td></td><td>११५५०००.००</td><td></td></tr>
<tr><td>४</td><td>रोशी कालाती मोटर बाटो पिच</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td></td><td>८७५०००.००</td><td></td></tr>
<tr><td>५</td><td>ड्यामसाइड भालेश्वर पुल बैकल्पिक मोटरबाटो</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td></td><td>१२१५०००.००</td><td></td></tr>
<tr><td>६</td><td>मानेदोभान मुरलिखोला रानिकोट सडक</td><td>आर.एण्ड सि.एस बिल्डर्स प्रा.लि.</td><td></td><td>१६५००००.००</td><td></td></tr>
</table>
</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>खोपासी किटिनी पस्थली सिंगेपाटी मोटर बाटो कालोपत्रे</td><td>वर्ल्ड वाइड- सुशन- सिम्रन जे भी</td><td></td><td>२६००००००.००</td><td></td></tr>
<tr><td>८</td><td>पुन्यमाता खोला पुलचौकोट जाने बाटो पनौती न.पा.-५ (पन्चेको बगैंचा नजिक) (DPR समेत)</td><td>आर.एण्ड सि.एस बिल्डर्स प्रा.लि.</td><td></td><td>१४७५००००.००</td><td></td></tr>
<tr><td>९</td><td>मानेदोभान मुरलिखोला रानिकोट सडक</td><td>आर.एण्ड सि.एस बिल्डर्स प्रा.लि.</td><td></td><td>१३५०००००.००</td><td></td></tr>
<tr><td>१०</td><td>पार्टीचौर रातोमाटे बाहुनगाउँ मोटर बाटो कालोपत्रे</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td></td><td>५००००००.००</td><td></td></tr>
<tr><td>११</td><td>बोक्सेदह नयापुल आशापुरी भक्तपुर (करिडोर)</td><td>पि आर इन्फ्रास्ट्रक्चर प्रा. लि.</td><td></td><td>७८०००००.००</td><td></td></tr>
<tr><td>१२</td><td>ख्याकु पस्थली टोड्के मोटरबाटो स्तरोन्नती</td><td>वर्ल्ड वाइड- सुशन- सिम्रन जे भी</td><td></td><td>२४००००००.००</td><td></td></tr>
<tr><td>१३</td><td>पनौती बाँस्डोल भैसेपाटी बनेपा सडक</td><td>पि आर इन्फ्रास्ट्रक्चर प्रा. लि.</td><td></td><td>२५९०००००.००</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७५४००००.००</td><td>१०००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
शोधभर्ना<br>
सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ मा व्यवस्था छ । पालिकाले विवध खर्च बापत निम्न बमोजिमको विल रकम लालबहादुर लामालाई मासिक रुममा सोधभर्ना भुक्तानी दिएको छ । उक्त रकम कुन कार्यक्रमा कुन कुन मितिमा खर्च भएको एकीन हुन नसकिएकोले यसरी सोधभर्ना भुक्तानी दिनुपर्ने आधार नदेखिएकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>गौ.भौ./मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२-२०७८।४।३२</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>२२५९०</td><td></td></tr>
<tr><td>१५१-२०७८।६।२४</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>१६००००</td><td></td></tr>
<tr><td>२०९-२०७८।७।३०</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>६८८३५</td><td></td></tr>
<tr><td>२६५-२०७८।८।२१</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>५००००</td><td></td></tr>
<tr><td>३३५-२०७८।९।२१</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>९४६६६</td><td></td></tr>
<tr><td>३९८-२०७८।११।१</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>९४६३०</td><td></td></tr>
</table>
</td><td>६८१,७१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५८५-२०७८।१२।२७</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>९६९८०</td><td></td></tr>
<tr><td>६४९-१०७९।२।५</td><td>विभिन्न खाना तथा खाजाको विल रकम</td><td>९४०१५</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>६८१७१६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>करारको कर्मचारीलाई महंगी भत्ताः<br>अर्थ मन्त्रालय मिति २०७९।१।२१ च.न. १७१९ को पत्रानुसार नेपाल सरकार अन्तर्गतको वभिन्न निकायको स्वीकृत दरवन्दी भित्र करारमा कार्यारत कर्मचारीलाई महँगी भत्ता उपलब्ध नगराउने निर्णय भएको र सोहि बमोजिम पत्राचार भएको छ । पालिकामा कार्यारत करारको कर्मचारीलाई महँगी भत्ता उपलब्ध गराएको पाइएको छ । यसरी नियमावलीमा व्यवस्था नभएको सुविधा उपलब्ध गरान निमल्ने भनि निर्णय समेत भएकोले नियमावली विपरित भएको उक्त खर्च रकम नियमित नदेखिएको रु.</td><td>१,३६८,०००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कोभिड जोखिम भत्ता<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु बर्षको बजेटले नखाम्नेगरी बजेट खर्च गर्न नहुने तर विशेष परिस्थितिबस चालु आर्थिक बर्षमा भुक्तानी दिन नसकी दायित्व सृजना भएमा विल भर्पाइ सहित भुक्तानी दिन पर्ने कारण खुलाई महालेखापरीक्षकले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चाबारीमा चढाइ भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले कोभिड-१९ नियन्त्रण गर्न अग्रपङ्तिमा खटिएका कर्मचारीको गत आर्थिक बर्षको जोखिम भत्ता छुट भनी कच्चाबारी बेगर विभिन्न कर्मचारीलाई गौ.भौ. नम्बर २८२ मिति २०७८।८।२९ बाट रु. ४२,५०३। भुक्तानी दिएको पाइयो। यसरी कार्यविधि विपरित भुक्तानी दिएको रकम नियमसम्मत देखिएन यसमा सुधार गर्नपर्दछ ।<br><br>अग्रपङ्तिमा खटिने कर्मचारीको लागि जोखिम भत्ता भनि गौ.भौ. ६३२ मिति २०७९।१।१४ बाट यो बर्ष १० लाख १२ हजार खर्च लेखेको छ । कोरोना भाइरसको महामारीको अवस्था र जोखिमको अवस्थाको विष्लेषण नगरी जोखिम भत्ता दिनु उचित देखिएन। संघीय कार्यविधि अनुसार जोखिम भत्ता उपलव्ध गराउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>क्याम्पसलाई तलवको लागि अनुदानः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७२ सालमा जारी भएको नेपालको संविधानको अनुसूचि ८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने उल्लेख छ भने अनुसूचि ५ र ६ मा उच्च शिक्षा प्रदेश तथा संघको क्षेत्राधिकार भित्र रहने उल्लेख छ। पालिकाले कुशादेवी क्याम्पसलाइ शिक्षकको तलव भुक्तानीको लागि रु १० लाख अनुदान दिएको देखिन्छ। क्याम्पसको दरवन्दी अनुसार पद पुर्ति भए नभएको तथा दरवन्दी मध्येवाट कक्षा संचालन गर्न कठिनाइ भए नभएको एकिन नगरी शिक्षकको तलवको लागि अनुदान दिनु उचित देखिएन। कानून वमोजिम आफ्नो क्षेत्राधिकार भित्र रही कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।<br>साथै देहायका क्याम्पसलाइ अन्य अनुदान समेत दिएको छ। विश्वविद्यालय अन्तर्गतका आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसले आफ्नै आम्दानी समेत गर्ने, विश्वविद्यालयले अतिरिक्त खर्च व्यहोर्ने तथा निश्चित रकम विश्वविद्यालय अनुदान आयोगवाट आउन सक्ने अवस्थामा पालिकाले रकम खर्च गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ र दोहोरो नहुने गरी अनुदानका कार्यक्रम संचालन गर्नुपर्दछ। | |

| क्याम्पसको नाम | खर्च विवरण | रकम |
|---|---|---|
| इन्द्रेश्वर क्याम्पस | क्यान्टिन तथा कम्पाउण्ड निर्माण | १०००००० |
| तेजगंगा बहुमुखी क्याम्पस | शैक्षिक सामाग्री तथा फर्निचर खरिद | १०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को ८७,८८ र ८९ अनुसार प्राकृतिक व्याक्तिले बार्षिक आयमा गणना नहुने तथा पटके रुपमा आर्जन गर्ने आम्दानीमा १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं.३९२ बाट नगरसभा भत्ता वितरण बापत मुकुन्द धिताललाई रकम भुक्तानी गरेकोमा नगरसभा भत्ताको १५ प्रतिशतले हुने रकम रु. १६३५० कट्टी गरी दाखिला नगरेकोले कर दाखिला गर्नुपर्ने रु. | १६,३५० |
| ३० | | | **बढी भुक्तानी**<br>११७-२०७८।३।१८ सार्वजनिक निकायले ५ लाख सम्मको सोझै खरिद गर्दा सुची दर्ता भएका फर्म हरु बाट दररेट माग गरी सबैभन्दा कम दररेट पेश गर्ने फर्म बाट पेश भएको दररेटमा सोझै खरिद गर्न सकिने व्यवस्था सार्वजनिक खरिद नयमावली, २०६४ को नियम ८५ मा व्यवस्था छ । पालिकाले भेच तथा घाँस प्रयोजनको लागि मसिनो केराउको विउ खरिद | ५,५६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दा चामूण्डा एकिकृत कृषि फर्मले पेश गरेको दर न्यूनतम भएको र सो सँग खरिद गरेको तर भुक्तानी गर्दा पेश भएको दर भन्दा बढी दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>पेश गरेको दर</th><th>भुक्तानी भएको दर</th><th>बढी दर</th><th>रकम</th></tr>
<tr><td>भेच घाँस</td><td>९५६</td><td>१४७</td><td>१५०</td><td>३</td><td>२८६८</td></tr>
<tr><td>मसिनो केराउ</td><td>९००</td><td>१२७</td><td>१३०</td><td>३</td><td>२७००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>स्वास्थ्य विमा कार्यक्रमः<br>सबै नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यले संघीय सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको छ। यसलाई प्रभावकारी वनाउन स्वास्थ्य बीमा ऐन २०७४ तथा स्वास्थ्य बीमा नियमावली २०७५ लागू भइसकेको र नियमावलीमा भएको व्यवस्था अनुसार ५ जना सम्मको परिवारले वार्षिक रु ३५ सय योगदान गर्ने गरी यस कार्यक्रममा आवद्द गर्न सक्ने उल्लेख छ। नियमावलीको नियम १६ मा अति गरिवको परिचयपत्र भएका परिवार, अति अशक्त अपांगता, कुष्ठरोग, जटिल प्रकारका क्षयरोग लागेका परिवार तथा सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक आदिले गर्नुपर्ने योगदानको रकम सरकारले व्यहोर्ने उल्लेख छ भने स्थानीय तहले व्यहोरेको अवस्थामा संघले नव्यहोर्ने उल्लेख छ।<br><br>पालिकाले यस बर्ष मेयर विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम भनि १ बर्ष मात्र कार्यान्वयन हुने गरी १२ वटा वडाको ५७५ जनाको लागि २० लाख २० हजार २०० रकमको वीमा गरेको देखियो । पालिकाले स्वास्थ्य वीमाको रकम भुक्तानी गर्दा निजहरु अति गरिव भए नभएको एकिन तथा सुनिश्चित गरेको छैन । संघीय सरकारले केही अवस्थामा निशुल्क वीमा गर्ने उल्लेख गरेकोमा सो वाहेकका परिवार तथा व्यक्ति एकिन गरी वीमा गर्नुपर्नेमा एकिन नगरी वीमा वापतको रकम पालिकाले भुक्तानी गरेकोले दोहोरो पर्ने अवस्था रहन्छ। पालिकाले दोहोरो नपर्ने गरी स्वास्थ्य वीमा कार्यक्रम लागू गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>विद्यालय अनुगमन भत्ताः<br>नगरपालिकाले यो बर्ष सामुदायिक तथा संस्थागत विद्यालय मन्टेश्वरी तथा बाल विकास केन्द्रहरुमा प्रत्यक्ष रुपमा सञ्चालन भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षण सिकाई क्रियाकलापको अनुगमन भनि ३६ जना कर्मचारीको ९ दिनको १५०० को दरले ४ लाख ८६ हजार खर्च लेखेको छ। अनुगमनवापत भत्ता दिने कानूनी व्यवस्था नभएको अवस्थामा अनुगमनको नाउमा भत्ता दिनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ। | |
| ३३ | | | **विभिन्न समिति बैठक भत्ताः**<br>प्रचलिकत कानून बमोजिम वा लेखा उत्तरदायित्व अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय भन्दा अघि वा पछि बैठक बस्नु परेमा मात्र नियमानुसार बैठक भत्ता दिन सकिने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा १३३ मा छ । पालिकाले कार्यालयलको कर्मचारी मात्र सदस्य रहेको विभिन्न समिति गठन गरी विभिन्न मिति र समयमा बैठक बसी बैठक भत्ता लिएको देखियो । यसरी नियमावलीको विपरीत हुने गरी निम्न समितिको वैठकमा भत्ता दिएको रकम नियमसंगत देखिएन। यसमा सुधार गर्नुपर्दछ।<br><table><tr><th>गौ. भौ. नं. र मिति</th><th>समितिको नाम</th><th>रकम</th></tr><tr><td>२१३-२०७८।८।२</td><td>नगर स्तरिय सहकारी समिति</td><td>४४४००</td></tr><tr><td>२१९-२०७८।९।१३</td><td>घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र वितरण प्रदान सम्बन्धमा गठित उपसमिति</td><td>३४०००</td></tr><tr><td>२१९-२०७८।९।१३</td><td>नगपालिका जलस्रोत समिति</td><td>११०००</td></tr></table> | |
| ३४ | | | **भैंसी सुत्केरी भत्ता**<br>नगरपालिकाले यस बर्ष भैसी सुत्केरी स्याहार भत्ता कार्यक्रम बापत नगारपालिका भित्र १६४७ सुत्केरी भैसीलाई स्याहार भत्ता बापत कुल रु. ३९ लाख ९६ हजार वितरण गरेको छ । भैसी सुत्केरी भत्ता वितरण गर्दा लाभग्राहीको भर्पाइ गराई भत्ता बुझाएको छ । नगरपालिकाले भत्ता वितरणलाई विश्वसनिय बनाउन बैंक खाता मार्फत भत्ता वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ। साथै भैसी सुत्केरी वापत भत्ता दिने तर केही समय पछि भैसी पालन नहुन सक्ने जोखिम श्रृजना हुने भएकोले यस सम्वन्धमा निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ भने भैसी सुत्केरी भत्ता लागू भएपश्चात दुग्ध उत्पादनमा के कति वृद्दि भयो सो को अभिलेख पालिकामा नभएकोले सो को अभिलेख समेत नागरिकको आयआर्जनमा भएको बृद्धीको अभिलेख पनि राख्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **चेनेज नखुलाएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक जाँचपास गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने उल्लेख छ भने महालेखा नियन्त्रकको कार्यालयले म.ले.प.फा. नं ५०३ मा नापी किताबको ढाँचा तयार गरेको छ। पालिकाले कुनै पनि सडक तथा सिचाइको कामको चेनेज नखुलाइ नापी किताव तयार गरेको छ। चेनेज नखुलाइ नापी तयार गर्दा कुन सडकमा कति मिटर काम भयो कुन चेनेजमा सडकको चौडाइ कति हो एकिन गर्ने आधार छैन। नापीमा चेनेज नहुँदा एउटै ठाउमा एक पटक भन्दा वढी नापी भएको होइन भनि सुनिश्चित गर्ने आधार भएन। अतः पालिकाले अनिवार्य रुपमा चेनेज खुलाएर मात्र नापी किताव तयार गर्नुपर्दछ र सोही अनुसार मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ। | |
| ३६ | | | **कन्टिन्जेन्सी खर्च**<br>यस वर्ष पालिकाको कन्टिन्जेन्सी खर्च (अन्तर सरकारी अख्तियारीको कन्टिन्जेन्सी वाहेक) रु ७५,२८,३२७ रहेको छ। कन्टिन्जेन्सीको खर्चको शिर्षकगत विवरण प्राप्त नभएकोले शिर्षकगत खर्च एकिन गर्न सकिएन। तर केही भौचर परिक्षण गर्दा कन्टिन्जेन्सीवाट मष्टरोलमा धेरै रकम खर्च भएको छ । अन्यमा सवारी साधन मर्मत, व्याक हु लोडर मर्मत, सुचना प्रकाशन, कार्यालय सम्वन्धी छपाइ आदि तथा भौ नं ७५ वाट वैठक भत्तामा रु ६ लाख ९५ हजार खर्च भएको छ। अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ ले एउटै कार्यालयका कर्मचारी मात्र सहभागी रहेको वैठकमा वैठक भत्ता नदिने उल्लेख भएकोमा एकै कार्यालयका कर्मचारी मात्र वसी वैठक भत्ता भुक्तानी गर्नु नियमसंगत देखिएन। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत सम्म कन्टिजेन्सी खर्च गर्ने व्यवस्था छ । पालिकाले वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चको वर्गिकरण गरी खर्चलाइ पारदर्शी वनाउनुपर्ने देखिन्छ। | |
| ३७ | | | **अत्यधिक भेरिएसन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद संझौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति संझौता कार्यान्वयनको क्रममा श्रृजना भएमा कारण खुलाइ पच्चिस प्रतिशत भन्दा माथिको भेरीएसन विशेषज्ञहरुको समुह गठन गरी सो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समुह मार्फत आवश्यक जाँचवुझ गराई प्राप्त शिफारिश सहित सम्वन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद्ले गर्न सक्ने उल्लेख छ। पालिकाले लिलावती वृहत सिचाइ योजनाको कामको लागि मिति २०७७।१२।९ मा जनकल्याण निर्माण सेवासँग रु ८४१४७६५। मा संझौता भएकोमा ३०.१५ प्रतिशत भेरिएसन गरी भेरिएसनवाट काम घटाइ रु ५८६१५५८। संझौता अंक कायम भएको छ। जसमा मुख्य काम कल्भर्टमा आरसिसि ह्युम पाइपको काम ३०७.५० मि (रु ३०७५०००।) को काम घटाइ रु १२५०००। हजारको १२.५ मिटर कायम गरेको छ। ह्युमपाइप जडानको काम नहुदा लक्षित क्षेत्रमा सिचाइ सेवा उपलव्ध हुने नहुने अवस्थाको एकिन नगरी भेरीएसन गरेको छ भने २५ प्रतिशत भन्दा धेरैको भेरिएसन गर्दा विशेषज्ञहरुको समुह गठन गरी उक्त समुहले दिएको सुझावको आधारमा भेरिएसन गर्नुपर्नेमा पालिकाले सोझै भेरिएसन गरेको छ। कानूनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ३८ | | | **वजेट भन्दा वढीको कामको ठेक्का आव्हानः**<br>पालिकाले सालवसाली कामको लागि वजेटले खाम्ने गरी लागत अनुमान तयार गरी सुचना आव्हान गर्नुपर्दछ। पालिकाले यस वर्ष विभिन्न ३६ योजनाको लागि लागत अनुमान स्वीकृत गर्दा उक्त योजनाहरुमा रु.३७ करोड ९६ लाख वजेट रहेकोमा रु.५३ करोड १५ लाख ९० हजारको लागत अनुमान रहने गरी सुचना प्रकाशन गरेको छ। यस सम्वन्धमा छलफल हुँदा प्रतिस्पर्धावाट लागत अनुमान भन्दा घटीमा ठेक्का संझौता हुने हुँदा एकमुष्ट काम गर्नेगरी वजेट भन्दा वढीको लागत अनुमान तयार गरेको जनाएको छ। तर पहिल्यै लागत अनुमान भन्दा विड रकम कम होला भन्ने आशय मात्र राखी वढीको लागत अनुमानको काम गर्ने गरी सुचना प्रकाशन गर्नु उचित देखिएन। लागत अनुमानको हाराहारीमा ठेक्का स्वीकृत भएको अवस्थामा कामको भुक्तानीमा समस्या आउने तर्फ पालिकाले विचार गरी यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ। केही योजनाहरु देहायअनुसार छन्: | |

| योजनाको नाम | विनियोजित वजेट | लागत अनुमान |
|---|---|---|
| ख्याकु कोलभन्ज्याङ वल्थली टोड्के सडक स्तरोन्नती | ५०००००० | ६५५७४१११ |
| पनौती वाँसडोल भैसेपाटी वनेपा सडक स्तरोन्नती कार्य | ३०००००० | ४००८२६०० |
| भालेश्वर चालिसे वोक्सेदह बैकल्पिक सडक स्तरोन्नती | २५०००००० | ३४९५३६८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वाँसडोल खोला कोरीडोर सडक स्तरोन्नती कार्य \| १२०००००० \| १९५२८२५६ | |
| ३९ | | | **सडक निर्माणको ट्र्याककोट कार्यमा बढी भुक्तानी**<br>भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयान्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर टयाककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिलङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा प्राइम कोटमा लाग्ने जति नै टयाक कोटमा खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ५० देखि ६० प्रतिशत मात्र टयाककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी टयाककोटको खर्च लेख्दा बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु | १४३,०७७ |

| गो भौ नं | योजनाको नाम | निर्माण सेवा /उ स को नाम | प्राइम कोटको क्षेत्रफल | टयाककोट दिएको (लिटर) ब मी | टयाक कोट दिनु पर्ने (लिटर) | टयाक कोट बढी लिएको लिटर | टयाककोट को दर प्रति लिटर | मु अ कर समेत बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ४६९ | पुछारी पाटीचौर आशापुरी वाटो | माता चुनिदेवी कन्स्ट्रक्सन | १८४४.६७ | १८४४.६७ | ११०६.८ | ७३७.८७ | १२५ | १०४२२४ |
| ५०४ | रोशी पुलदेखी कलाँती मो वा | गुच्छेकाली कन्स्ट्रक्सन | ५५३.५३ | ५५३.५३ | ३३२.१२ | २२१.४१ | १३० | ३२५२५ |
| ३७४ | नागेचौर नौविसे सडक | एच एस डव्लु विल्डर्स | १७५ | १७५. | १०५. | ७०. | ८० | ६३२८ |
| | जम्माः | | | | | | | १४३०७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **पूँजीगत परामर्श सेवा खर्च**<br>पालिकाले यस वर्ष सफ्टवेयर निर्माण लगायतका देहायका कार्यमा रु ८८ लाख २० हजार खर्च गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ. नं. | भुक्तानी पाउनेको नाम | विवरण | लइ | संझौता रकम | यस वर्षको भुक्तानी |
|---|---|---|---|---|---|
| ७६ | डिजिसफ्ट डेभलपर्स प्रा.ली. | वडा नं. ४,७ र ११ को डिजिटल प्रोफाईल तयारी कार्य | | ४९९९९१ | ४९९९९१ |
| ४४५ | जियोसफ्ट टेक्नोलोजी प्रा.ली. | अनलाईन सिफारिश, व्यवसाय दर्ता तथा अनलाईन भुक्तानीको सफ्टवेयरको पहिलो बिलको भुक्तानी (भौ ४४५ वाट रु १५७३४१२। तथा बाँकी ७७३ वाट) | १९९९३४६ | १९६६७६५ | १९६६७६५ |
| ५५८ | आर्कसिड इञ्जिनियरिङ्ग प्रा.ली. | नगरपालिकाको बैठक व्यवस्थापन कार्यको लागि सफ्टवेयर जडान कार्यको भुक्तानी । | | ४९८३३० | ४९८३३० |
| ५५९ | पाम पि सी वर्ल्ड | नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य चौकीहरुमा बिरामी दर्ता सम्बन्धी कार्यको लागि सफ्टवेयर निर्माण कार्यको भुक्तानी | | ४९७२०० | ४९७२०० |
| ५६० | डाइनामिक टेक्नोसफ्ट प्रा.ली | नगरपालिकामा अपाङ्गता र जेष्ठ नागरिक कार्ड व्यवस्थापन प्रणालीको लागि सफ्टवेयर निर्माण कार्यको भुक्तानी । | | ४९७२०० | ४९७२०० |
| ५८४ | स्कोलर नेपाल प्रा.लि. | मध्यकालिन खर्च संरचना सम्बन्धी प्रतिवेदन तयारीको रकम भुक्तानी । | | ४९७०८७ | ४९७०८७ |
| ७३० | नव्य टेक्नोलोजी प्रा.ली., बुद्धनगर | पुराना नक्सापासका फाईलहरु डिजिटाईजेशन गर्ने कार्यको रकम भुक्तानी | | १३९६९१७ | १३९६९१६ |
| ६६८ | सिंक सोलुसन प्रा.ली, काठमाण्डौं | हेल्लो मेयर सफ्टवेयर जडान कार्यको पहिलो बिलको भुक्तानी । | | ४९८३३० | ३९८६६४ |
| ६६९ | प्रोटोकल इन्टरनेशनल कन्सल्टेसन्स प्रा.ली., न्यूरोड, | केन्द्रिकृत शिक्षा प्रणाली नामक सफ्टवेयर जडान कार्यको पहिलो बिलको भुक्तानी, | १९९६०४३ | १९६६७६५ | १५७३४१२ |
| ७३१ | एडोन इञ्जिनियरिङ्ग सोलुसन प्रा.ली | अनलाईन नक्सापास सम्बन्धी सफ्टवेयर जडान कार्यको भुक्तानी, | | ४९६५६१ | ४९६५६१ |
| ७७३ | जियोसफ्ट टेक्नोलोजी प्रा.ली | योजना सञ्चालन सम्बन्धी सफ्टवेयर जडान कार्यको भुक्तानी, | | ४९८३३० | ४९८३३० |
| | | **जम्मा** | | | ८८२०४५६ |

यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन्:

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.१ | | | **हालसम्म प्रयोगमा नआएकोः** माथि उल्लेखित विभिन्न ८ सफ्टवेयरको लागि रु ६९१९४८१। को संझौता भएकोमा यस वर्ष रु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६४ लाख २६ हजार खर्च भएको छ भने उक्त सफ्टवेयरको प्रयोग लेखापरीक्षण अवधि सम्म पनि आएको छैन । सफ्टवेयर खरिद गर्ने तर संचालन नगर्नु भनेको स्पष्ट कार्ययोजना तथा पुर्व तयारी वेगर खर्च गर्नु हो। यसरी सफ्टवेयरहरुको उपयोग नभएकोले आगामी दिनमा यसको पुर्ण सदुपयोग गर्नुपर्दछ।<br><br>**समन्वयः** सफ्टवेयरको संचालन तथा सुरक्षाको लागि सुचना प्रविधि विभागसँग समन्वय गर्नुपर्नेमा गरेको देखिदैन भने यस्ता प्रणालीको डाटा सेन्टर तथा सर्भर कहाँ, कसरी संचालन छ तथा यसको संरक्षण कसले गर्ने हो सो को विवरण पालिकासँग नै छैन । डाटाहरुको सुरक्षाको लागि पालिकाले थप काम गर्नुपर्ने देखिन्छ।<br>**जिन्सी दाखिला नभएकोः** उक्त सफ्टवेयरहरु हालसम्म जिन्सी दाखिला नै भएको छैन। दिर्घकालिन रुपमा प्रयोगमा आउने उक्त सफ्टवेयरहरुको जिन्सी आम्दानी वाँधी अभिलेख राख्नुपर्दछ।<br><br>**दोहोरो पर्ने गरी सफ्टवेयरको खरीदः** ब्यवसाय दर्ता, अनलाईन भुक्तानी लगायतका सवै विवरण समेटी महालेखा नियन्त्रकको कार्यालयले SuTRA सँग आवद्द गर्ने गरी राजस्वको सिष्टम तयार गरेको अवस्थामा पालिकाले ब्यवसाय दर्ता, अनलाईन भुक्तानी लगायतका कामको लागि जियोसफ्ट टेक्नोलोजी प्रा.ली.सँग रु १९ लाख ६७ हजार भुक्तानी दिने गरी संझौता गरेको छ। त्यस्तै नगरपालिकामा अपाङ्गता र जेष्ठ नागरिक कार्ड व्यवस्थापन प्रणालीको लागि सफ्टवेयर निर्माण कार्यको लागि डाइनामिक टेक्नोसफ्ट प्रा.ली सँग रु ४ लाख ९७ हजार भुक्तानी दिने गरी संझौता गरेको छ। यस प्रकारको काम (जेष्ठ नागरीक तथा महिला, अपांग, जेष्ठ नागरिक दलित आदि) को लागि संघको MS सफ्टवेयर रहेकोमा पालिकाले समेत यसको लागि यसैसँग मिल्दो कामको लागि रकम खर्च गर्नु उचित देखिएन। पालिकाले सफ्टवेयर खरिद गर्दा दोहोरो नपर्ने गरी तथा प्रयोगमा आउने सफ्टवेयर मात्र खरिद गर्नुपर्दछ।<br><br>**लागत अनुमानको आधारः** सफ्टवेयर जडान तथा संचालन गर्नको लागि परामर्शसेवा खरिद गर्दा के कति र कुन जनशक्ति आवश्यक पर्ने हो, उनिहरुको योग्यता कति हुनुपर्ने हो, एक सफ्टवेयर वनाउन कुन पदको लागि कति म्यानडेज लाग्छ तथा उनिहरुको पारिश्रमिक कति हो सो को नर्म्स तयार गरी नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा नर्म्स तयार नगरी प्रायः रु २० लाखमा नवढने गरी लागत अनुमान तयार गरेको देखियो। लागत अनुमान वस्तुनिष्ठ वनाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **रकमान्तरवाट विनियोजनः** पालिकाले डिजिटल प्रोफाइल तयार गर्ने कार्य तथा नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाउन आइ सि टि सम्बन्धी कार्य(लिसा सम्बन्धी कार्य समेत) मा रु २ करोड २० लाख वजेट रकमान्तर गरी थप गरी माथि उल्लेखित कार्य गरेको छ। परामर्शदातावाट गरिने उक्त कामको प्रतिफलको सुनिश्चितता हुने गरी कार्ययोजना वनाइ क्रियाकलापहरु अगाडी वढाउनुपर्नेमा पर्याप्त अध्ययन विश्लेषण वेगर वजेट थप गरी कार्यक्रम तयार गरेको देखिन्छ। परामर्शदातावाट भएको उक्त कामको कार्यान्वयन भइ सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्दि गर्नुपर्ने देखिन्छ।<br><br>**शिर्षक फरक पारी खर्चः** माथि उल्लेखित खर्च रकम सुचना प्रणाली संवन्धी तथा कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च शिर्षकवाट गर्नुपर्नेमा पुजीगत परामर्श खर्च शिर्षकवाट गरेको छ। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ले गरेको व्यवस्था अनुसार सम्वव्धित खर्च शिर्षकवाट खर्च गर्नुपर्दछ।<br><br>**पालिकाले** हेल्लो मेयर सफ्टवेयर सञ्चालन को लागि रु ४ लाख ९८ हजार भुक्तानी गर्नेगरी सम्झौता गरेको छ जसमा गुनासो रेकर्ड गर्ने, शीघ्र प्रतिक्रिया दिने, मुद्दाहरूको उजुरी ट्र्याक गर्ने आदि कार्य गर्ने उल्लेख छ। यसमा हालसम्म सबै भुक्तानी भएको देखिँदैन भने काम पनि भएको छैन जसले गर्दा कति गुनासो प्राप्त भए कतिको प्रतिक्रिया दिइयो मुद्दाहरूको उजुरीको अवस्था के छ भनी एकीन गर्न सक्ने आधार भएन । अतः खरिद भएका सफ्टवेयर शीघ्र प्रयोगमा ल्याउनुपर्दछ।<br><br>**नगर**पालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रशासनमा सुधार ल्याउन केन्द्रिय शिक्षा व्यवस्थापन प्रणाली जडान गर्ने गरी रु १९ लाख ६७ हजारमा सम्झौता गरेको छ। हालसम्म यसको कार्यान्वयन नभएको कारण के कति उद्देश्य लिएर खरिद भएको हो र भविष्यमा यसवाट प्राप्त हुने प्रतिफल के हो एकिन गर्न सकिएन। लागत अनुमान तयार गर्दाको टिओआर मा पालिकाभित्रका शैक्षिक संस्थाको विवरण, विद्यार्थीको विवरण व्यवस्थापन, कर्मचारीको अभिलेख. तलवी तथा निकासा व्यवस्थापन गर्ने, कक्षा तथा समय तालिका व्यवस्थापन गर्ने, परीक्षा तथा नतिजा व्यवस्थापन गर्ने, पुस्तकालय व्यवस्थापन गर्ने तथा शुल्य तथा दस्तुर संकलन गर्ने जस्ता व्यहोरा समावेश गरेको देखिन्छ। उक्त सफ्टवेयर प्रयोग पालिकाले गर्ने हो वा विद्यालयले गर्ने हो वा दुवैले गर्ने हो स्पष्ट छैन। संझौतामा सफ्टवेयर जडान तथा प्रदर्शन गरेवापत ८० प्रतिशत भुक्तानी गर्ने र बाँकी काम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संचालनमा आएपश्चात भुक्तानी गर्ने उल्लेख भएकोले ८० प्रतिशत भुक्तानी भएको र बाँकी भुक्तानी नभएको अवस्थाले गर्दा संझौतामा उल्लेखित व्यहोरा पुरा भए नभएको अध्ययन गरी कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।<br>साथै यस कामको लागि लागत अनुमानको दरको आधार राखेको छैन। १ टोली नेताको लागि १ महिनाको लागि १८००००।, १ सिष्टम एनालिष्टको १ महिनाको लागि १५००००।, १ डाटावेश डिजाइनरको २१ दिनको लागि लागि ११२५००।, ४ प्रोग्रामरको कुल ४ महिनाको लागि १४५०००। को दरले रु ५८००००। आदिको दर र रकम उल्लेख गरेकोमा उक्त दरको आधार वेगर लागत अनुमान तयार गर्नु उचित देखिएन। | |
| ४०.२ | | | नगरपालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रशासनमा सुधार ल्याउन केन्द्रिय शिक्षा व्यवस्थापन प्रणाली जडान गर्ने गरी रु १९लाख ९६ हजारको लागत अनुमान तयार गरेको छ। उक्त लागत अनुमानमा कन्टिन्जेन्सी खर्च १० प्रतिशत भनि रु १६०५६२।७० (मुअकर समेत रु १८१४३६।) उल्लेख भएको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा भएको व्यवस्था अनसार परामर्शसिवामा कन्टिन्जेन्सी समावेश गरी भुक्तानी दिन नमिल्नेमा कन्टिन्जेन्सी रकम समेत समावेश गर्दा लागत अनुमानमा वढोत्तरी भएको छ। उक्त रकम समेत भुक्तानी गर्ने गरी रु १९ लाख ६७ हजारमा प्रोटोकल इन्टरनेशनल कन्सल्टेसन्स प्रा.ली., न्यूरोड, सँग संझौता भएकोले परामर्शदातालाइ भुक्तानी गर्न नमिल्ने उक्त रकम असुल गर्नुपर्ने रु. | १८१,४३६ |
| ४०.३ | | | माथि उल्लेखित सवै संझौता आ व २०७८।७९ भित्रै सम्पन्न गर्ने गरी संझौता भएकोमा माथि उल्लेखित ३ कार्यमा सवै रकम भुक्तानी भएको छैन। समयमा काम सम्पन्न गरी २०७८।७९ मै उक्त सफ्टवेयर लागू गर्नुपर्नेमा केहीमा सवै भुक्तानी नै नभएको तथा केहीमा पुरै भुक्तानी भएपनि कुनै पनि सफ्टवेयर कार्यान्वयनमा आएका छैनन्। खरिद गरेका सवै सफ्टवेयर पुर्ण रुपमा कार्यान्वयनमा लैजानुपर्दछ।<br><br>भवन निर्माण नक्सा पास स्वीकृति सम्बन्धी पुराना फाइलको web based software and digitization गरी व्यवस्थित गर्न नव्य टेक्नोलोजी प्रा.ली. बुद्धनगरसँग रु १३लाख ९७ हजारमा सम्झौता भएकोमा हालसम्म ४५४६वटा पुराना नक्साहरु digitized भएको जानकारी प्राप्त भएको छ। तर लागत अनुमान तयार गर्दा नक्सा पास गर्नुपर्ने संख्याको आधारमा लागत अनुमान तयार | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
गर्नुपर्नेमा नगरी सफ्टवेयर तयार गर्ने गरी लागत अनुमान तयारगरेको छ। जसमा टिमलिडरको लागि ८० म्यानडेज, सफ्टवेयर डेभलपरको लागि ३० म्यानडेज, ४ वटा इन्ट्रिपर्सनको लागि प्रति व्यक्ति ६० म्यानडेज, टेक्निकल सपोर्ट तथा अफिस एसिष्टेन्टको लागि ८०/८० म्यानडेज राखी लागत अनुमान तयार गरेको कारण सफ्टवेयर डिजाइन गर्ने गरी लागत अनुमान तयार गरेको छ। जसले गर्दा लागत अनुमान विश्वसनीय देखिएन।
नक्सा पास सम्वन्धी पुराना फाइलको web based software and digitization गरी व्यवस्थित गर्न नव्य टेक्नोलोजी प्रा.ली. बुद्धनगरसँग रु १३लाख ९७ हजारमा सम्झौता भएकोमा अनलाईन नक्सापास सम्बन्धी सफ्टवेयर जडान कार्यको लागि भनि पुनः एडोन इञ्जिनियरिङ्ग सोलुसन प्रा.ली सँग रु ४ लाख ९७ हजारमा संझौता गरेको छ।
लागत अनुमानको सीमाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा रु २० लाख सम्मको परामर्श सेवा लिँदा मौजुदा सुचिमा उल्लेख भएका ३ देखि ६ वटा सम्मको दररेट माग गरी खरिद गर्न सक्ने उल्लेख छ भनेसार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० मा रु २०लाख भन्दा माथिको परामर्श सेवा खरिद गर्दा सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने उल्लेख छ । साथै नियमावलीको अनुसूची १ (क) को द्रष्टव्य घ मा लागत अनुमान स्वीकृति र खरिद विधि छनोट गर्ने प्रयोजनको लागि लागत अनुमानमा कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशत, मुल्य अभिवृद्दि कर र विभिन्न कन्टिन्जेन्सी जोडी हुन आउने रकमलाइ मानिने उल्लेख छ भने यसलाइ सार्वजनिक खरिद अनुगमन कार्यालयको पत्र संख्या २०७४।७५, मिति ८०७ को पत्रवाट थप स्पष्ट समेत पारेको छ। उल्लेखित व्यवस्था अनुसार कार्यालय व्यवस्थापन खर्च (४ प्रतिशत) समेत जोडेर लागत अनुमान तयार गर्नुपर्नेमा नगरी रु २० लाख भित्रको सीमा भित्र पारी सोझै परामर्शसेवा खरिद गरेको छ। यथार्थमा रु २० लाख भन्दा वढीको हुने लागत अनुमानको लागि सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्नेमा सोझै खरिद गर्ने उद्देश्यले लागत अनुमान कम गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।
<table>
<tr><th>भुक्तानीपाउनेको नाम</th><th>विवरण</th><th>कार्यालयले तयार गरेको ल.ई.</th><th>व्यवस्थापन खर्च जोडदा हुन आउने कुल ल.ई.</th><th>संझौता रकम</th></tr>
<tr><td>जियोसफ्ट टेक्नोलोजी प्रा.ली.</td><td>अनलाईन सिफारिश,व्यवसाय दर्ता तथा अनलाईन भुक्तानीको सफ्टवेयरको पहिलोबिलको भुक्तानी</td><td>१९९९३४६</td><td>२०७९३२०</td><td>१९६६७६५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रोटोकल इन्टरनेशनल कन्सल्टेसन्स प्रा.ली.,न्यूरोड,</td><td>केन्द्रिकृत शिक्षा प्रणाली नामक सफ्टवेयर जडान कार्यको पहिलोबिलको भुक्तानी,</td><td>१९९६०४३</td><td>२०७५८८५</td><td>१९६६७६५</td></tr>
<tr><td></td><td>जम्माः</td><td>३९९५३८९</td><td>४१५५२०५</td><td>३९३३५३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कर कट्टा नगरेको<br>आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क वापत रकम भुक्तानी गर्दा १५ प्रतिशत (मुअकरमा दर्ता भएकोलाई १.५ प्रतिशत) कर कट्टा गर्नुपर्ने उल्लेख छ। पालिकाले मकरमेला सम्वन्धी सुचनाको लागि अरनिको जागरण मन्च (मध्येपुर्व एफ एम १०४ मेगाहर्ज) लाई भौ नं ५६४ वाट रु ९९ हजार भुक्तानी गरेकोमा मुअकरमा दर्ता नभएको विल पेश गरेकोले १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा रु १८२२। मात्र कर कट्टा गरेकोले वाँकी कर रु १३०२८। असुल गर्नुपर्ने रु .</td><td>१३,०२८</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>नन फाइलरलाई भुक्तानी<br>मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिबृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्ने उल्लेख छ । यस सम्वन्धमा अर्थ मन्त्रालयको चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रले आयकर तथा मुल्य अभिवृद्दि कर दुवैतर्फ विवरण नवुझाएकालाइ विवरण पेश गर्न वाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ। जसअनुसार तोकिएको समयमा कर विवरण दाखिला गर्नुपर्नेमा देहायका निर्माण व्यवसायीले समयमा विवरण दाखिला गरेको नदेखिएकोमा समेत भुक्तानी भएको देखिन्छ। यसरी निर्माण व्यवसायीले भुक्तानी गरेको मु.अ.करको विवरण कर कार्यालयमा नवुझाएकोले कार्यालयले भुक्तानी गरेको मु.अ. कर रकमको सहि सदुपयोग हुन नसक्ने देखिएकोले निजहरुले मु अ कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भुक्तानी पाउनेको विवरण</th><th>भौ नं</th><th>भुक्तानी रकम</th><th>कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>पि आर/ ओमवुद्द जे भी</td><td>५२५</td><td>६०७०४४५</td><td>६९८३७०</td><td>आयकरमा २०७७।७८ देखि तथा मुअकरमा २०७८ वैशाखदेखि नै ननफाइलर</td></tr>
<tr><td>उमा एण्ड कम्पनी/ तेज जे भी</td><td>६६५</td><td>५५३९४७</td><td>७२०१३</td><td>आयकरमा २०७६।७७ देखिनै ननफाइलर</td></tr>
</table>
</td><td>७७०,३८३</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>कार्यसम्पादन जमानत थप नभएकोः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधि भन्दा एक</td><td>४९,१३८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

महिना वढी अवधिको हुनुपर्ने उल्लेख छ। कार्यालयवाट प्राप्त विवरण अनुसार देहायका ठेक्काको म्याद समाप्त भएकोमा म्याद थप भएकोमा सोही अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्नेमा थप गरेको छैन। अतः कार्यसम्पन्न गर्नुपर्ने म्याद वाट त्रुटि सच्याउने अवधिसम्मको कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | संझौता रकम | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थपवाट कायम मिति | आवश्यक कार्यसम्पादन जमानतको मिति | कार्यसम्पादन जमानीको म्याद | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|---|
| UpMalpi/04/2078/79 | Zhigu Ajima Chandeshwori Int Pvt. Ltd | ११,५८६,६२० | ६/७/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/८/२०७९ | २,५४२,००० |
| UpChin/05/2078/79 | Kabi And Gurung Construction Pvt. Ltd | ३,२७३,२०० | ५/३०/२०७८ | १/२०/२०७९ | | २/२०/२०८० | १०/२९/२०७९ | १,१३५,००० |
| UpBhal/06/2078/79 | Ganga and Tok Construction | ६,५२१,२५६ | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/४/२०७९ | ३,३४२,००० |
| UpTriveni/07/2078/79 | Ganga and Tok Construction | ६,५९६,६९० | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/४/२०७९ | ३,०२५,००० |
| UpSimla/08/2078/79 | Zeromile Construction Pvt. Ltd | ११,०५४,२६१ | ६/४/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | | ३,५००,००० |
| UpKalati/11/2078/79 | Ganga and Tok Construction | ५,०१२,३४२ | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/४/२०७९ | १,५७५,००० |
| UpBhandari/13/2078/79 | P.R. Infrastructure Pvt. Ltd. | १२,८०६,३९४ | ७/२५/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ४/२१/२०८० | ४,८६५,००० |
| ConsMaane/15/2078/79 | R & C.S. Builders Pvt. Ltd. | १८,७०८,५७५ | ७/१७/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ३/१०/२०८० | ६,०२०,००० |
| UpSalle/16/2078/79 | Maneshwori Builders Pvt. Ltd. | ५,८५४,७४७ | ७/८/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | १२/४/२०७९ | ३,७४५,००० |
| UpaRaat/18/2078/79 | Ganga and Tok Construction | ७,९५४,३८१ | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/१८/२०७९ | २,८०५,००० |
| Upabas/19/2078/79 | Maneshwori Builders Pvt. Ltd. | ६,७४८,९२२ | ७/८/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/१३/२०७९ | ५,२६३,००० |
| UpChamle/21/2078/79 | Ganga and Tok Construction | ३,९३८,७६३ | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/१८/२०७९ | १,४९२,००० |
| UpGhyalku/23/2078/79 | Amar Jyoti Construction | ३,०४३,६९८ | ६/१०/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/७/२०७९ | ९८८,००० |
| UpSetopati/25/2078/79 | Amar Jyoti Construction | २,५२१,९३४ | ६/१०/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/७/२०७९ | ६८३,००० |
| UpRupsetar/34/2078/79 | Amar Jyoti Construction | २,९६९,१८० | ६/१०/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | १०/२९/२०७९ | ६५३,००० |
| UpKhahare/36/2078/79 | Kavre Construction and Suppliers Pvt. Ltd | ३,९३५,६२१ | ५/२७/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ | ९/३०/२०८० | ११/१/२०७९ | १,१९५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ExOff/39/2078/79</td><td>Prashant Nirman Sewa</td><td>५,३८८,१८४</td><td>१२/११/२०७८</td><td>३/१५/२०७९</td><td>८/२९/२०७९</td><td>९/३०/२०८०</td><td>५/७/२०८०</td><td>१,०४५,०००</td></tr>
<tr><td>UpMRS/01/2077/78</td><td>ब्राइट क्षितिज पिएसके जेभी</td><td>१६,६४४,२७४</td><td>९/१/२०७७</td><td>२/२५/२०७८</td><td>८/२९/२०७९</td><td>९/३०/२०८०</td><td>३/३०/२०७९</td><td>५,२६५,०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४९,१३८,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
प्रोभिजनल समको विजक नभएको<br>
खरिद संझौतामा उल्लेखित प्रावधान अनुसार खर्चको पुष्ट्याइका आधारमा प्रोभिजनल समको रकम भुक्तानी गर्नुपर्नेमा पालिकाले देहायका काममा प्रोभिजनल समवाट रकम भुक्तानी गरेकोमा खर्चका प्रमाण नराखेकोले उक्त खर्चका प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण व्यवसायी</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३६६</td><td>जुरेधुम निर्माण सेवा प्रा लि</td><td>प्रोभिजनल सम अन्तर्गत Unseen work वाट ग्राभेलको काम गरेको</td><td>९८०७५</td></tr>
<tr><td>४६६</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td>प्रोभिजनल सम अन्तर्गत Unseen work वाट ग्राभेलको काम गरेको</td><td>९९४४०</td></tr>
<tr><td>४६९</td><td>माता चुनीदेवी कन्स्ट्रक्सन</td><td>प्रोभिजनल सम अन्तर्गत Unseen work वाट ग्राभेलको काम गरेको</td><td>४९१२१</td></tr>
<tr><td>५६२</td><td>आर एण्ड सि एस विल्डर्स प्रा लि</td><td>Environmental protection work</td><td>८००००</td></tr>
<tr><td></td><td></td><td>फष्ट एड फयासिलिटिज</td><td>४००००</td></tr>
<tr><td></td><td></td><td>टेम्पोररी डाइभर्सन</td><td>४००००</td></tr>
<tr><td>६१३</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td>Unseen work</td><td>२५०००</td></tr>
<tr><td>६३५</td><td>जनकल्याण निर्माण सेवा</td><td>प्लाष्टर वर्क</td><td>४६७००</td></tr>
<tr><td></td><td></td><td>र्‍यान्डम रवल स्टोन मेशनरी</td><td>२५२४१५</td></tr>
<tr><td>६७८</td><td>गंगा एण्ड तोक कन्स्ट्रक्सन</td><td>र्‍यान्डम रवल स्टोन मेशनरी</td><td>७९०४९</td></tr>
<tr><td></td><td></td><td>क्वालिटी कन्ट्रोल</td><td>१५०००</td></tr>
</table>
</td><td>८२४,८००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
सोझै खरिद<br>
सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५ लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औं संसोधन पश्चात १० लाख) को खरिद कार्य सोझैगर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिएकोले कानूनमा भएको व्यवस्था विपरीत सीमा भन्दा वढीको रकम सोझै खरिद गरेको रकम नियमित देखिएन। यस्तो कार्यमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>११/२३/२०७८</td><td>३७६</td><td>लक्ष्मी स्टील तथासुर्यचन्द्र फर्निचर उद्योगलाइ फर्निचर खरिद कार्यको भुक्तानी।</td><td>४९९९६८</td></tr>
<tr><td>११/२९/२०७८</td><td>३९२</td><td>फर्निसिंग एण्ड फर्निचर हाउस, बनेपा, काभ्रेलाइ फर्निचर खरिद कार्यको भुक्तानी</td><td>४९९४६०</td></tr>
<tr><td>०३/१६/२०७९</td><td>६९२</td><td>कुर्सी लगायतको फर्निचरहरुखरिद कार्यकोलागि युग इन्टरप्राईजेजलाइ भुक्तानी</td><td>९९९७६७</td></tr>
<tr><td>०३/१६/२०७९</td><td>६९३</td><td>विश्व इन्टरप्राइजेज, बनेपालाइ अफिसटेवल लगायतको खरिदको रकम भुक्तानी</td><td>४९९५८९</td></tr>
<tr><td>०३/१६/२०७९</td><td>७००</td><td>शिभान सप्लायर्स, बनेपालाइ अफिसटेवल लगायतको खरिदको भुक्तानी</td><td>९९९२०६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३४९७९९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>जग्गा खरिद<br>जग्गा प्राप्ती ऐन, २०३४ को दफा ३ (क) मा प्रदेश वा स्थानीय तहको लागि जग्गा आवश्यक परेमा नेपाल सरकार समक्ष अनुरोध गर्ने र नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा उपलव्ध गराउने निर्णय गर्न सक्ने र दफा १३ मा जग्गाको लागि मुआव्जा निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीको अक्ष्यक्षता रहने गरी एक समिति गठन हुने उल्लेख छ। पालिकाले अत्यावश्यक शहरी पुर्वाधार निर्माणको लागि जग्गा व्यवस्थापन कार्य शिर्षकमा रु १ करोड ५० लाख वजेट विनियोजन गरी नरसिंह मठ गुठीको १६ रोपनी जग्गा पालिकाको नाउमा मोही कायम हुने गरी खरिद गरेको र भौ नं ४२ (पुजीगत) वाट खोपासी सहकारी संस्था लि. लाइ उक्त रकम भुक्तानी गरेको छ। उक्त जग्गा नगर अस्पताल निर्माणको प्रयोजनको लागि खरिद गरेकोमा जग्गा प्राप्ती ऐन अनुसार प्रमुख जिल्ला अधिकारीको अक्ष्यक्षतामा गठन हुने मुआव्जा निर्धारण</td><td>१५,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समिति गठन नै नगरी खरिद भएको छ। पालिकाले नगर सभाको निर्णय अनुसार खरिद गरेको जनाएको छ। तर सभाले वजेट व्यवस्थापन गर्ने भएतापनि मुआव्जा निर्धारण गर्न नसक्ने अवस्थामा ऐन अनुसारको समिति वेगर नै जग्गा खरिद गरी रु १ करोड ५० लाख भुक्तानी गरेको रकम नियमित नदेखिएको रु . | |
| ४७ | | | **समयमा योजना सम्पन्न नभएको**<br>कार्यपालिकाको मिति २०७८।४।५ को निर्णयानुसार आ.व. २०७७।७८ मा संचालन भएका ११८ योजनाको रु ३० करोड ८५ लाख ३० हजारको योजनाको दायित्व आ व २०७८।७९ लाइ गर्ने गरी दायित्व सारिएको छ भने उक्त योजना वाहेक कोटेशनवाट काम गराएका करिव ४० लाखका थप योजनाहरु समेत समयमा काम नभएको कारण आ व २०७८।७९ लाइ सारी मर्मत संभार खर्च शिर्षकवाट खर्च गर्ने गरी मिति २०७८ भाद्र १० मा कार्यपालिकाले निर्णय गरेको छ। समयमा काम नगर्ने र जिम्मेवारी र दायित्व पछाडीका वर्षमा सार्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ४८ | | | **ठेक्का अभिलेखः**<br>यस पालिकाका निर्माणतर्फको अधुरा रहेका ठेक्का सम्झौता र म्याद थपको अवस्था देहाय अनुसार रहेको छः<br>(रकम रु हजारमा) | |

| ठेक्का नं | निर्माण व्यवसायीकोनाम | संझौता रकम | हालसम्मको भुक्तानी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थपवाट कायम अवधि |
|---|---|---|---|---|---|---|
| UpKhtod/01/2078/79 | Worldwide/Sushan/Simran(JV) | ३६१३१ | १८२६७ | ८/२५/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpPB/02/2078/79 | P.R. Infrastructure Pvt. Ltd. | २१८४७ | ३७०० | ८/२६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpMalpi/04/2078/79 | Zhigu Ajima Chandeshwori Int Pvt. Ltd | ११५८७ | २६२० | ६/७/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpBhal/06/2078/79 | Ganga and Tok Construction | ६५२१ | ० | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpTriveni/07/2078/79 | Ganga and Tok Construction | ६५९७ | ० | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpSimla/08/2078/79 | Zeromile Construction Pvt. Ltd | ११०५४ | ११०५४ | ६/४/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpKalati/11/2078/79 | Ganga and Tok Construction | ५०१२ | ४२५८ | ६/६/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| Upkitini/12/2078/79 | Worldwide/Sushan/Simran(JV) | १४९०४ | ४०७४ | ७/२५/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |
| UpBhandari/13/2078/79 | P.R. Infrastructure Pvt. Ltd. | १२८०६ | १७५१ | ७/२५/२०७८ | १/२०/२०७९ | ८/२९/२०७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>UpBokse/14/2078/79</td><td>P.R. Infrastructure Pvt. Ltd.</td><td>१३०६१</td><td>८१७१</td><td>७/२५/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>ConsMaane/15/2078/79</td><td>R & C.S. Builders Pvt. Ltd.</td><td>१८७०९</td><td>५४१०</td><td>७/१७/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpSalle/16/2078/79</td><td>Maneshwori Builders Pvt. Ltd.</td><td>५८५५</td><td>३९६८</td><td>७/८/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpaRaat/18/2078/79</td><td>Ganga and Tok Construction</td><td>७९५४</td><td>५७३८</td><td>६/६/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>Upabas/19/2078/79</td><td>Maneshwori Builders Pvt. Ltd.</td><td>६७४९</td><td>६६६६</td><td>७/८/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpChamle/21/2078/79</td><td>Ganga and Tok Construction</td><td>३९३९</td><td>१९४१</td><td>६/६/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpGhyalku/23/2078/79</td><td>Amar Jyoti Construction</td><td>३०४४</td><td>२३६२</td><td>६/१०/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpSetopati/25/2078/79</td><td>Amar Jyoti Construction</td><td>२५२२</td><td>१००६</td><td>६/१०/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpRupsetar/34/2078/79</td><td>Amar Jyoti Construction</td><td>२९६९</td><td>०</td><td>६/१०/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpKhahare/36/2078/79</td><td>Kavre Construction and Suppliers Pvt. Ltd</td><td>३९३६</td><td>१२९८</td><td>५/२७/२०७८</td><td>१/२०/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>ExOff/39/2078/79</td><td>Prashant Nirman Sewa</td><td>५३८८</td><td>०</td><td>१२/११/२०७८</td><td>३/१५/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>ConPHP/40/2078/79</td><td>Deshemaru Construction Pvt. Ltd.</td><td>१२२७४</td><td>०</td><td>१२/१०/२०७८</td><td>३/१५/२०७९</td><td>८/२९/२०७९</td></tr>
<tr><td>UpMRS/01/2077/78</td><td>व्राइट क्षितिज पिएसके जेभी</td><td>१६६४४</td><td></td><td>९/१/२०७७</td><td>२/२५/२०७८</td><td>८/२९/२०७९</td></tr>
<tr><td></td><td>सहारा कन्स्ट्रक्सन</td><td>१३००६</td><td>५७७४</td><td>२०७७।६।१८</td><td>२०७७।१०।२६</td><td>२०७८।१२।३०</td></tr>
<tr><td>२६-२०७६।७७</td><td>एन सी निर्माण सेवा</td><td>७६४९</td><td>४६६५</td><td>२०७७।३।१७</td><td>२०७७।१२।२०</td><td>२०७८।१२।३०</td></tr>
<tr><td></td><td>जम्माः</td><td>२५०१५८</td><td>९२७२३</td><td></td><td></td><td></td></tr>
</table>
उपर्युक्ताअनुसार देहायअनुसारका कुल २५ करोड १ लाख ५८ हजारका २४ वटा ठेक्का समयमा कार्यसम्पन्न नभएको कारण म्याद थप गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:
</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>• सालवसाली योजनाको म्याद अर्को वर्षसम्म थपः माथि उल्लेखित सवै ठेक्काहरु सालवसाली प्रकृतिका योजनाहरु रहेका छन्। सालवसाली योजनाहरु सम्वन्धित वर्षभित्र नै सम्पन्न गर्नुपर्नेमा एक आर्थिक वर्ष कट्ने गरी म्याद थप भएको देखिन्छ। सोही वर्ष पुरा हुने गरी संझौता भएको कारण आयोजनाहरु वहुवर्षिय नभएका तथा स्रोतको सुनिश्चितता समेत नभएको अवस्थामा योजनाहरु अर्को वर्ष सार्नु उचित देखिएन। वित्तीय जवाफदेहिता नहुँदा एक वर्षका योजनाहरु पालिकाको एकमुष्ट गरेको निर्णयवाटठुलोमात्रामा अर्को वर्ष सर्ने र वित्तीय अनुशासन कायम नरहने हुन्छ। अतः समयमा कार्य सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- **एकमुष्ट म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० क (मिति २०७९ असार २० को १२ औं संसोधन) मा खरिद संझौताको अवधि समाप्त भएको, २०७९ असार मसान्त भित्र समाप्त हुने अवस्था रहेको वा म्याद थपको लागि निवेदन परी कुनै निर्णय नभएको हकमा यस नियम प्रारम्भ भएको मितिले २१ दिन भित्र अर्थात श्रावण ९ भित्र संसोधित कार्यतालिका भित्र म्याद थपको लागि निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले कम्तिमा २ वटा माइलस्टोन तोकी थप आर्थिक व्ययभार नपर्ने गरी निवेदन प्राप्त भएको मितिले ३० दिनभित्र म्याद थप गरिसक्नुपर्ने उल्लेख छ। साथै संझौताको अवधि थपको लागि निवेदन नपरेका तथा कार्यस्थलमा ६ महिना देखि कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको संझौताको म्याद थप नगरिने र खरिद संझौताको अन्त्य गरिने उल्लेख छ। तर पालिकाले कुनै पनि माइलस्टोन नतोकी २०७९।३।३० को कार्यपालिकाको निर्णयवाट २५ ठेक्काको एकमुष्ट रुपमा २०७९ मंसीर मसान्तसम्मको लागि म्याद थप गरेको छ। आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसीमा राखी म्याद थप गर्नुपर्नेमा सवै ठेक्कालाइ एउटै अवधि लागु हुने गरी एकमुष्ट म्याद थप गर्नु उचित देखिएन।

</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (दशौं संसोधन) मा तोकिएको समयभित्र काम सम्पन्न नहुने अवस्थामा खरिद संझौताको म्याद सकिनु २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ५ मा खरिद संझौताको म्याद भित्र नै म्याद थपको निर्णय भइसक्नुपर्ने उल्लेख छ। साथै खरिद संझौताको ५० प्रतिशत भन्दा वढी अवधिको म्याद थप नहुने उल्लेख छ। तर पालिकाले समयमा काम सम्पन्न नभएका विभिन्न ११ योजनाको म्याद एकमुष्ट रुपमा पालिकाले निर्णय गरी २०७८।११।१५ मा सवै निर्माण व्यवसायीलाइ २०७८ चैत्र मसान्त सम्मको लागि म्याद थप गरेको छ। म्याद थपको समयमा सार्वजनिक खरिद नियमावलीको १० औं संसोधन लागू भएकोले उक्त संसोधन अनुसार म्याद थप गर्नुपर्नेमा २०७८ असारमा समाप्त भएका ठेक्काको म्याद थपको निर्णय २०७८ फाल्गुण १५ मा भएको देखिएकोले नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी म्याद थप गरेको देखियो। तत्कालिन खरिद नियमावली विपरित ५० प्रतिशत समय भन्दा वढी म्याद थप गरेकोमा पुर्व निर्धारित क्षतिपुर्ति नलिएकोले उक्त रकम असुल गर्नुपर्ने रु .

| ठेक्का नं वा काम | निर्माण व्यवसायी | संझौता रकम | संझौता मिति | संपन्न गर्नुपर्ने मिति | म्याद थप अवधि | काम सम्पन्न भएको मिति | ढिला अवधि (दिन) | पुर्व निर्धारित क्षतिपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १९- | जोशी | १२९०७७७९ | २०७७।१२।२४ | २०७८।३।१६ | २०७८।१२।३० | २०७८।११।२० | २०० | ११४२२८१ | संझौताको |

</td><td>२,०२८,८९७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७७।७८ | कन्स्ट्रक्सन प्रा लि | | | | | | दिन भन्दा वढी | | अन्तिम म्यादभित्र म्याद थपको निर्णय हुनुपर्नेमा नभएको तथा ५० प्रतिशत भन्दा वढी अवधिको म्याद थप भएको |
| ७-७७।७८ | गुच्छेकाली कन्स्ट्रक्सन | ६११९९५७ | २०७७।८।२१ | २०७८।२।१६ | २०७८।१२।३० | २०७८।८।२१ | १८६ | ५०३६७८ | |
| नागेचौर नौविसे सडक | एच एस डव्ल्यु विल्डर्स | ४३२७२०५ | २०७८।२।९ | २०७८।३।२० | २०७८।१२।३० | २०७८।११।२० | २४० | ३८२९३८ | |
| | **जम्माः** | | | | | | | २०२८८९७ | |

४९

**वडाबाट बजेट खर्च**

वडाले नै खर्च गर्ने गरी पालिकाको नियमित कार्यक्रम अन्तर्गत रु १ करोड ४४ लाख तथा मकरमेला कार्यक्रमवाट रु १ करोड ८८ लाख ६४ हजार समेत कुल रु ३ करोड ३२ लाख ६४ हजार वडालाइ भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाइ खर्च गर्ने अख्तियारी दिनुपर्ने, खाता संचालनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी तथा लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्ने उल्लेख छ। पालिकाले वडालाइ दिने गरी वजेट विनियोजन गरी रु १ करोड ४४ लाख वडाको वैंक खातामा जम्मा गरेको देखिन्छ। यसरी वडालाइ रकम दिएकोमा वडा सचिवलाइ माथि उल्लेखित रकम खर्च गर्ने अख्तियारी दिएको छैन भने पालिकाका वडाहरुमा लेखाको कर्मचारी नै नभएको अवस्थामा वजेट खर्च गर्ने अख्तियारी दिन नै नमिल्नेमा दिएको देखिन्छ । वडाहरुले उकत रकमको मेनुअल भौचर तयार गरी खर्च गर्ने गरेको देखियो जसले गर्दा SuTRA मा वडाको खर्च समेत देखिदैन। यस्तो खर्चमा पुर्ण रुपमा नियन्त्रण गरी सुत्रको प्रयोग गरी लेखा राख्नुपर्दछ।
- मकरमेला व्यवस्थापन सम्वन्धी कार्यको लागि वडागत रुपमा संचालन हुने विभिन्न योजनामा रु १ करोड ५४ लाख ५० हजार, मेला व्यवस्थापन कार्यको लागि वडा कार्यालयहरुलाइ रु १८ लाख ४५ हजार, विभिन्न सांस्कृतिक पहिरन तथा सामग्री खरिदको लागि वडाहरुलाइ रु १५ लाख ६९ हजार समेत वडाहरुलाइ कुल रु १ करोड ८८ लाख ६४ हजार

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च गरेको छ। उक्त रकम समेत वडावाट खर्च गरी श्रेष्ता वडामा नै रहेको र वडाले मेनुअल भौचर र वैंक नगदी किताव तयार गरेको देखिन्छ।<br>• वजेट अनुसार पालिकाले वडाको लागि छुट्याएको रु १ करोड ४४ लाख रहेकोमा उक्त रकम सम्वन्धित खर्च संकेतवाट भुक्तानी दिनुपर्नेमा सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान खर्च संकेतवाट भुक्तानी गरेको छ। पालिकाका आफ्नै वडालाइ दिनुपर्ने रकम यस शिर्षकवाट दिन मिल्दैन। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ ले गरेको व्यवस्था अनुसार सम्वन्धित खर्च संकेत नं. मा वजेट राखी उक्त खर्च संकेतवाट मात्र खर्च गर्नुपर्दछ। | |
| ५० | | | **क्षतिपूर्ति रकम भुक्तानी**<br>पालिकाले ढडिन लिलावती पुल निर्माणको क्रममा पानी घट्टमा क्षति पुगेको भनि प्रदिप तामाङ र साहिली तामाङलाइ रु २५०००० । को दरले भौ नं ४५० वाट रु ५ लाख भुक्तानी गरेको छ। उक्त पुल पालिकाले नवनाएको र संघ/प्रदेशको कार्यक्रम अनुसार अन्य कार्यालयहरुले वनाएको अवस्था छ। पुल निर्माणको क्रममा कार्यालयको कमजोरीको कारण क्षति भए संघीय वा प्रदेश कार्यालयले नै त्यसको क्षतिपुर्ति दिनुपर्ने तथा निर्माण व्यवसायीको कारण भए नै वहन गर्नुपर्नेमा पुल निर्माणमा कुनै सरोकार नै नभएको पालिकाले क्षतिपुर्ति भनि विना मुचुल्का तथा क्षतिको लागत अनुमान वेगर नै रकम भुक्तानी गरेको छ। साधारणतया पुल निर्माणको क्रममा हुने क्षति वा अन्य कुनै अवस्थामा अतिरिक्त रकम भुक्तानी गर्नुपर्ने अवस्थालाइ मध्यनजर गरी रिलोकेसन अफ सर्भिसेस आदि उल्लेख गरी रकमको समेत व्यवस्था हुने अवस्थामा यसको अध्ययन वेगर नै पालिकाले भुक्तानी दिनु उचित देखिएन। क्षतिपुर्ति आवश्यक भएको अवस्थामा जसको कारण क्षति भएको हो उसैलाइ क्षतिपुर्तिको लागि शिफारिश गर्नुपर्नेमा मुचुल्का, लागत अनुमान तथा औचित्यता वेगर पालिकावाट नै क्षतिको रकम भुक्तानी भएकोले पालिकाबाटै उक्त रकम यकिन गरी असुल गर्नुपर्ने रु | ५००,००० |
| ५१ | | | **कालोपत्रे नहुने सडकमा वेसकोर्ष गरेकोः**<br>बजेट खर्च गर्दा मितव्ययी हुने गरी गर्नुपर्दछ । पालिकाले सडकमा स्तरोन्नतिको लागि बेस कोर्स राख्ने कार्य गरी कोहिनुर रोडा ढुङ्गा उद्योग प्रा.लि.लाई गो भौ नं. १५४ २०७८।८।२१ बाट रु.४९७६६९।— भुक्तानी दिएको छ । बेसकोर्स राख्ने कार्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कालोपत्रे गर्नुपर्ने सडकमा राख्नुपर्नेमा उक्त सडकमा कालोपत्रे नभएको कारण सो सडक स्तरोन्नतिमा भएको खर्च खेर जाने अवस्थामा रहेको छ। वेस कोर्ष मात्र गरेर वाँकी काम नगर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ। | |
| ५२ | | | **ढुंगाको प्रयोग नगरी वढी भुक्तानीः**<br>सडक विभागको नर्म्समा ढुंगा प्रयोगमा आउन सक्ने अवस्थामा माटो काट्ने कामको ५० प्रतिशत रकम राखी दर विश्लेषण गर्नुपर्ने उल्लेख छ। पालिकाले मगर गाउँ वाटो पनौती १२ मोटर वाटो उपभोक्ता समितिलाइ भौ नं ६४४ वाट रु १९५००००। भुक्तानी गरेको छ। जसमा हार्ड रक कटिङको काम १०८.९ घमि गरेकोमा प्रति घनमिटर रु ६७५.२९ ले रु ७३५३९। भुक्तानी गरेको छ। एकै वाटोमा हार्ड रक देखिएकोमा पुनः त्यही स्थान (पालिकाले गरेका कुनै पनि वाटोको काममा चेनेज नखुलाएकोले यसमा पनि चेनेज नखुलेको) मा ३२.२५ घनमिटर जाली लगाउने काम गरेको छ भने १३९.६६ घनमिटर स्टोन मेशनरीको काम गरेकोले उक्त ढुंगा नै प्रयोगमा आउनेहुँदा वाटो खन्नेकामको ५० प्रतिशत रकम कट्टा गर्नुपर्नेमा सवै भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु ३६७७०। असुल गर्नुपर्ने रु . | ३६,७७० |
| ५३ | | | **मुल्यांकन भन्दा वढी भुक्तानीः**<br>सडक विभागको स्पेशिफिकेशन नं ९०५ मा सवै प्रकारको माटो (all types of soil) खन्ने कामको लागि प्रति घण्टा ६० घनमिटरको काम हुने उल्लेख छ। पालिकाले भौ नं ७४३ (मिति २०७९।३।२३) वाट पनौति आयल स्टोरलाइ रु २९३९६२। भुक्तानी दिएको छ। पालिकाले आफ्नो एक्साभेटर प्रयोग गरी वाटो खनेकोमा उक्त कामको लागि इन्धनमा भएको खर्चको भुक्तानी गरेको छ। प्राविधिक मुल्यांकनमा ११ ठाउमा माटो खनेको देखाइ ३०२०.९० घनमिटर माटो खनेको उल्लेख छ। जस अनुसार एक घण्टामा ६० घमि माटो खन्ने नर्म्स अनुसार ३०२०.९० घनमिटर माटो खन्दा ५०.३५ घण्टा एक्साभेटर प्रयोग हुने देखिन्छ। सडक विभागले जारी गरेको नर्म्स अनुसार हाइड्रोलिक एक्साभेटर एक घण्टा प्रयोगमा ल्याउदा ९ लिटर फ्युल खर्च हुने उल्लेख भएकोले ५०.३५ घण्टा एक्साभेटर प्रयोग गर्दा ४५३.१५ लि इन्धन प्रयोग हुन्छ। आयल निगमले तोकेको असार २३ को इन्धनको मुल्य सुचि अनुसार प्रति लिटर रु १७२ डिजेल रहेको देखिएकोले उक्त काममा ७७९४२। मात्र खर्च हुनेमा रु २९३९६२। खर्च गरेकोले वढी खर्च गरेको रकम असुल गर्नुपर्ने रु . | २१६,०२० |
| ५४ | | | **फरफारक समिति बैठक भत्ताः** | ४२७,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा दिइने भत्ताहरुको व्यवस्था गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने गरी कानुनमा व्यवस्था गरेको देखिदैन। साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि विभिन्न जनप्रतिनिधि तथा कर्मचारीलाइ देहायअनुसार भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले भत्ता वितरण गरेको छ । संविधानमा वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख भएकोमा संघीय कानूनमा यस्तो भत्ताको कतैपनि व्यवस्था नभएकोमा अनुगमन भत्ता वापत भुक्तानी गर्नु नियमित नदेखिएको रु
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>भत्ता रकम</th></tr>
<tr><td>७७७</td><td>विभिन्न योजनाको कन्टिन्जेन्सीवाट २१ जनालाइ ( प्रति व्यक्ति ५ देखि ३९ वैठक वसेको भनि) योजना फरफारक समितिको वैठक भत्ता भुक्तानी</td><td>४२७०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बढी भुक्तानी<br>बजेट खर्च गर्दा खर्चको प्रमाण लिनुपर्ने, खर्च मितव्ययी तरिकाले गर्नुपर्ने, प्रचलित कानूनको पालना गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमको खर्चमा भुक्तानी गर्नुपर्ने रकमभन्दा बढी भुक्तानी भएकाले सम्बन्धितबाट असुल दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा कार्यालय</th><th>बढी भुक्तानीको विवरण</th><th>रकम</th></tr>
<tr><td>११</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ अनुसार तय जिल्ला दररेट, काभ्रेपलाञ्चोकको आ. व. २०७८।७९ मा अदक्ष (ज्यामी) को प्रतिदिन प्रतिजवान रु. ७६०। रहेकोमा ११ नं. वडा कार्यालयबाट प्रतिदिन प्रतिजवान रु. १,००० का दरले कुल कार्यदिन ५१ का लागि रु. ५१ हजार भुक्तानी गरिएमा बढि भुक्तानी भएको रु. १२ हजार २४०। असुल गर्नुपर्ने।</td><td>रु. १२,२४०।</td></tr>
<tr><td>४</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था भएकोमा ४ नं. वडा कार्यालयले ईन्धनका लागि मार्फत रु २५ हजार भुक्तानी गरेकोमा रु. २० हजार को मात्र बिल भरपाई पेश भएकोले वाँकी रकम असुल गर्नुपर्ने रु</td><td>रु ५,०००।</td></tr>
</table></td><td>१३०,९०९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ११ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था भएकोमा ११ नं वडा कार्यालयले रु. १ लाख। भुक्तानी गरेकोमा रु. ९७ हजार ७६७।५० को मात्र बिल भरपाई पेश भएको। | रु २,२३३। | |
| | | | ११ | वडा नं ११ मा कार्यरत कर्मचारी समिर पौडेल र पुष्पराज सापकोटाको जम्मा तलबभत्ता रु. ४२,०००। भुक्तानी गर्नुपर्नेमा मार्फत रु. ४४,०००। भुक्तानी भएको। | रु २,००० | |
| | | | ७ | बालमैत्री स्थानीय शासन तालिम राष्ट्रिय सहजकर्ता बिष्णु प्रसाद चौबेलाई वडा नं ७ कार्यालयबाट दैनिक रु. १२,०००। को दरले २ दिनको रु. २४,०००। भुक्तानी भएको। | रु २४,००० | |
| | | | ६ | वडा नं ६ गोरखनाथ ढल निकाश निर्माण गर्ने सम्बन्धमा विभिन्न फर्मले दररेट पेश गरेकोमा सबैभन्दा कम दररेट रु. ४ लाख ३२ हजार २००। (मू. अ. क. बाहेक) पेश गरेकोमा उक्त फर्मसँग खरिद सम्झौता नगरि रु. ४ लाख ३९ हजार १७१। दररेट पेश गरेको काल भैरव निर्माण सेवा एण्ड सप्लायर्स प्रा. लि. सँग सेवा खरिद गरिएको। | रु ७,१७१। | |
| | | | ३ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था भएकोमा ३ नं. वडा कार्यालयले रु १ लाख भुक्तानी गरेकोमा रु. ९६ हजार २४०। को बिल भरपाईमात्र पेश भएको। | रु ३,७६०। | |
| | | | ३ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था भएकोमा ३ नं. वडा कार्यालयले रु १३ हजार १००। बिल पेश भएकोमा रु. १६ हजार भुक्तानी भएको। | रु २,९००। | |
| | | | पुरानो मरुवा बाटो निर्माण उपभोक्ता समिति | पुरानो मरुवा बाटो निर्माण उपभोक्ता समिति र नगरपालिका बिच कुल लागत रु. ९ लाख ६७ हजार ७५५। मा नगरपालिकाबाट रु. ७ लाख ३ हजार बेहोर्ने गरी योजना सम्झौता भएकोमा बास्तविक कार्य सम्पन्न लागत रु. ८ लाख ७९ हजार ३३०।७९ भएकोमा नगरपालिकाले रु ६ लाख ३८ हजार ४४४।८३ भुक्तानी हुनुपर्नेमा ७ लाख ३ हजार। भुक्तानी भई रु. ६४ हजार ५५५।१७ बढि भुक्तानी भएको। | रु ६४,५५५। | |
| | | | खाना खाजा | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था भएकोमा खानाखाजाका लागि रु १ लाख ६६ हजार ३२०। भुक्तानी गरेकोमा रु. १ लाख ५९ हजार २७०। को मात्र बिल भरपाई पेश भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | रु ७,०५०। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **मकर मेला संचालनः**<br>मकरमेला व्यवस्थापन कार्यको लागि कुल रु ३ करोड ५० लाख वजेट विनियोजन भएकोमा रु ३ करोड ४८ लाख ५८ हजार खर्च भएको छ। उक्त खर्च मध्ये रु ३ करोड ४१ लाख ३ हजार ४५७ खर्च भएको भनि उक्त खर्चलाइ पनौती मकरमेला २०७८ मुल व्यवस्थापन सचिवालयको मिति २०७८।१२।४ को वैठकले खर्च अनुमोदनको निर्णय गरेको देखिन्छ। जसमा देखिएका व्यहोरा देहायअनुसार छन्ः | |
| ५६.१ | | | • यस कार्यमा खर्चको वास्तविक विवरण अनुसार मकरमेला व्यवस्थापन कार्य शिर्षकवाट रु ३ करोड ४८ लाख ५८ हजार तथा प्रचार सामग्री तयारी (स्टिकर, गिति भिडियो, फ्लेक्स प्रिन्ट, पेन ड्राइभ वितरण) कार्यक्रमवाट रु ६ लाख ७३ हजार समेत कुल रु ३ करोड ५५ लाख ३१ हजार खर्च भएको तर पनौती मकरमेला २०७८ मुल व्यवस्थापन सचिवालयको वैठकले रु ३ करोड ४१ लाख ३ हजार खर्च भएको भनि निर्णय गरेको देखिन्छ। जसले गर्दा उक्त सचिवालयको निर्णय भन्दा रु १४ लाख २८ हजार वढी खर्च भएको देखिन्छ। खर्चको अनुमोदन भएको रकम भन्दा वढी खर्च गरेको नियमित नदेखिएको रु | १,४२८,००० |
| ५६.२ | | | • मकरमेला प्रचार सामग्री तयारी (स्टिकर, गिती भिडियो, फ्लेक्स प्रिन्ट आदिमा रु १० लाख खर्च भएको छ। जसमा मकरमेला अंकित मफलर खरिद कार्यमा मात्र रु ५ लाख खर्च भएको छ भने गिती भिडियो निर्माणमा रु ३ लाख २७ हजार खर्च भएकोमा उक्त खर्चवाट विभिन्न ६ वटा पार्टीलाइ भुक्तानी गरेको छ। विभिन्न छपाइ तथा प्रचार सामग्रीमा केही रकम खर्च गर्न सकिने भएतापनि अन्य कार्यमा ठुलो रकम खर्च गर्नु उचित देखिएन।<br>• मकरमेलाको प्रचार प्रसार कार्यमा छुट्टै रु २१ लाख ९५ हजार खर्च भएको छ। जसमा मकरमेला परिचय पुस्तिका छपाइमा रु ४ लाख ५८ हजार खर्च भएको छ भने इन्द्रेश्वर महादेवको फोटो अंकित मग खरिदमा रु २ लाख ७६ हजार खर्च भएको छ। साथै प्रोग्रेश आइटी एण्ड अल्टरनेटिभ इनर्जी सोलुसन र ब्रदर्श सप्लायर्सवाट रु ९ लाख ११ हजारका विभिन्न सामग्रीहरु खरिद भएको छ। सुचना प्रकाशन प्रशारण कार्यमा रु २ लाख १६ हजार खर्च भएको छ भने मकरमेलाको वृत्तचित्र निर्माणमा १ लाख खर्च भएको छ। वाँकीमा पुस्तक खरिद, गितिभिडियो तथा वाद्यवादन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आदिमा खर्च भएको छ। खर्चको आवश्यकता र उपादेयताको विश्लेषण गरी खर्चवाट भविश्यमा हुने लाभको अध्ययन गरेर खर्च गर्नुपर्नेमा नगरेको कारण सामान्य प्रकृतिका कार्यमा धेरै रकम खर्च हुन पुगेको छ।<br>• विभिन्न स्थानमा सडक वत्ती जडान तथा मर्मत कार्यमा रु २६ लाख ४६ हजार खर्च भएको छ। जसमा विद्युत वत्ती आदि खरिदको काम पटक पटक गरी रु ५ लाख भित्र पारी ४ वटा फर्मवाट खरिद गरी रु १९ लाख ७० हजार खर्च भएको छ। १२ वर्षमा लाग्ने मेलाको लागि पहिल्यै पुर्वानुमान भएको हुँदा वार्षिक वजेट विनियोजन गरिसकेको अवस्थामा खरिदको कार्य प्रतिस्पर्धात्मक तवरले वोलपत्र वा शिलवन्दी दरभाउपत्रवाट गर्न पर्नेमा सोझै खरिद गर्नु उचित देखिएन। साथै खरिद गरेका उक्त वत्तीहरुको लगत कसी हाल कहा कहा र कसरी प्रयोगमा रहेका छन सो को विवरण अद्यावधिक गरी सो को सुरक्षा गर्नुपर्दछ।<br>• स्वयंसेवक व्यवस्थापन र कार्यालय व्यवस्थापन लगायतका कार्यमा रु १४ लाख ४२ हजार खर्च भएको छ। उक्त रकम मध्ये खर्चको ठुलो हिस्सा मकरमेलामा खटिने स्वयंसेवक, प्रहरी, पालिकाका कर्मचारीहरु तथा पाहुनाहरुको खाजा खानामा भएको देखिन्छ। जसमध्ये लक्ष्मण मातंछेवाट रु ४४१८००। खर्च भएकोमा उक्त खर्च मकरमेला संचालन गर्ने क्रममा विभिन्न कार्यमा खर्च भएको उल्लेख भएको तर खर्चको पुर्ण विवरण छैन। अतः खर्चलाइ पुष्टयाइ हुने गरी प्रमाण राखुपर्दछ।<br>• मकरमेला भर त्रिवेणीघाटमा आरती गरेकोले सो कार्यको लागि भागवत धर्म संरक्षण समिति पनौतीलाई रु ६ लाख भुक्तानी गरेको छ। आरती एक नित्य कर्म भएकोले आरतीको लागि वत्ती लगायतमा केही रकम खर्च गर्न सकिनेमा आरती लगाउने व्यक्तिलाइ समेत भुक्तानी हुने गरी खर्च गर्नु उचित देखिएन।<br>• मकरमेला व्यवस्थापन सम्वन्धी कार्यको लागि वडागत रुपमा संचालन हुने विभिन्न योजनामा रु १ करोड ५४ लाख ५० हजार, मेला व्यवस्थापन कार्यको लागि वडा कार्यालयहरुलाइ रु १८ लाख ४५ हजार, विभिन्न सांस्कृतिक पहिरन तथा सामग्री खरिदको लागि वडाहरुलाइ रु १५ लाख ६९ हजार समेत वडाहरुलाइ कुल रु १ करोड ८८ लाख ६४ हजार खर्च गरेको छ। मकरमेला त्रिवेणीघाटमा भएकोमा सो क्षेत्र पर्ने वडामा रकम विनियोजन गर्नु उचित भएपनि सम्पुर्ण वडाहरुमा रकम विनियोजन गर्नु उचित देखिएन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाइ खर्च गर्ने अख्तियारी दिनुपर्ने, खाता संचालनको लागि प्रमुख प्रशासकीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी तथा लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्ने उल्लेख भएकोमा वडा सचिवलाइ माथि उल्लेखित रकम खर्च गर्ने अख्तियारी दिएको पाइदैन भने पालिकाका वडाहरुमा लेखाको कर्मचारी नै नभएको अवस्थामा वजेट खर्च गर्ने अख्तियारी दिन नै नमिल्नेमा समेत वडावाट मेनुअल भौचर तयार गरी खर्च गर्ने गरेको देखियो। यस्तो खर्चमा पुर्ण रुपमा नियन्त्रण गरी सुत्रको प्रयोग गरी लेखा राख्नुपर्दछ। साथै धिमे वाजा तथा नेवारी ड्रेस खरिदको लागि श्री मानेश्वरी नेवारी गुठी टोखाल पनौतीलाइ रु २ लाख तथा सांकृतिक प्रदर्शनीको लागि आवश्यक सामग्री खरिदमा फुल्चोकी नेवा कल्याण समाज पनौतीलाइ रु २ लाख दिएकोमा पुनः विभिन्न सांस्कृतिक पहिरन तथा सामग्री खरिदको लागि वडाहरुलाइ रु १५ लाख ६९ हजार वडाहरुलाइ दिएको छ। खर्चमा दोहोरोपना समेत हुन सक्ने गरी रकम भुक्तानी गर्नु उचित देखिएन । साथै वजेटको धेरै हिस्ता अनुत्पादक क्षेत्रमा खर्च भएकोले यसमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| ५६.३ | | | • सिसिटिभि जडानको काम तथा डिष्प्ले वोर्ड आदि खरिको कार्यमा भौ नं ३९७ वाट रु २७ लाख खर्च भएको छ। उक्त सामान मध्ये सिसिटिभि हाल कस्तो अवस्थामा छन पालिकाले विवरण उपलव्ध गराएको छैन। उक्त काम रोटरी क्लव अफ पनौति नामक उपभोक्ता समिति (गैर सरकारी संस्था) मार्फत खरिद भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माणको काम मात्र उपभोक्ता समितिमार्फत गराउने उल्लेख छ। उपभोक्ता समितिलाइ स्थानीय रोजगारी श्रृजना हुने काम गराउन पर्नेमा रोजगारी श्रृजना नै नहुने र निर्माणको काम मात्र उपभोक्ता समितिमार्फत गराउनु पर्नेमा सामान खरिदको काम समेत उपभोक्ता समितिमार्फत गराउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ । | |
| ५६.४ | | | • साथै खरिदको विलमा Installation with frame and civil work उल्ललेख गरी मुअकर वाहेक रु १५००००। भुक्तानी दिएकोमा पुनः ज्यालामा भनि रु ३०४८२०। भुक्तानी भएको छ। खरिद गरेका सामान जडान गर्न विलमा नै रकम जोड गरी भुक्तानी गरिसकिएकोमा अतिरिक्त कामको पुष्ट्याइ नहुने गरी पुनः ज्यालामा रकम खर्च गर्नु उचित देखिएन। यस सम्वन्धमा छलफल हुँदा मकरमेला अवधिभर आउन सक्ने अवरोधलाइ न्युनिकरण गर्न ज्यालामा भुक्तानी दिने गरी संझौता भइ भुक्तानी गरेको जनाएको छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.५</td><td></td><td></td><td>
<ul><li>माथि उल्लेखित सवै वजेट पुजीगत खर्च शिर्षकमा विनियोजन भएको तर उक्त कार्यक्रमवाट देहायअनुसार चालु खर्च शिर्षकमा रकम खर्च भएको देखिन्छ। उक्त खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली प्रतिकुल रहेको देखिन्छ। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को विपरीत हुने गरी खर्च शिर्षक फरक पारी खर्च लेखेको रकम नियमित नदेखिएको रु</li></ul>
<table>
<tr><th>खर्चको विवरण</th><th>रकम रु हजारमा</th></tr>
<tr><td>मकरमेला प्रचार सामग्री तयारी (स्टिकर, गिती भिडियो, फ्लेक्स प्रिन्ट आदि)</td><td>१०००</td></tr>
<tr><td>विभिन्न स्थानमा सडक वत्ती जडान तथा मर्मत कार्य</td><td>१९७०</td></tr>
<tr><td>स्वयंसेवक व्यवस्थापन र कार्यालय व्यवस्थापन लगायतका कार्यवाट खाजा तथा खानामा रकम खर्च</td><td>१४४२</td></tr>
<tr><td>आरती लगायतको कार्यमा भागवत धर्म संरक्षण समिति पनौतीलाई भुक्तानी</td><td>६००</td></tr>
<tr><td>विभिन्न सांस्कृतिक पहिरन तथा सामग्री खरिदको लागि वडाहरुलाइ भुक्तानी</td><td>१५६९</td></tr>
<tr><td>जम्माः</td><td>६५८१</td></tr>
</table>
</td><td>६,५८१,०००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>उपभोक्ता समितिको खरिद विलमा फरक तथा घटी मू.अ.कर<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति मार्फत भएको कामको अन्तिम विल भुक्तानी गर्दा प्राबिधिक मूल्याङ्कनको आधारमा आवश्यक पर्ने निर्माण सामाग्रीहरु सिमेन्ट, इटा, मेशीन प्रयोग आदिको परिमाण भन्दा घटि परिमाणमा वा घटी दरमा खरिद गरेको विल कतिपय उपभोक्ता समितिले पेश गरेको देखिन्छ। नमुना परीक्षणको विधिबाट लेखापरीक्षण गर्दा सिमेन्टमा पालिकाले रु ७६० मा मुअकर थप गरेको छ भने इट्टामा मुअकर समेत रु १६.९५ को दर राखेको छ तर उपभोक्ता समितिले कम दरमा खरिद गरेको देखिन्छ। साथै स्थानीय रुपमा प्राप्त हुने कच्चापदार्थ जस्तै वालुवा, ढुंगा, गिट्टी आदि सवैमा पालिकाले मुअकर थप गरी लागत अनुमान तयार गरेको तर अधिकांशमा मुअकर विल कम रहेको देखिएकोले मुअकर वढी भुक्तानी भएको छ। जसले गर्दा आपुर्तिकर्ताले राज्यलाइ तिर्नुपर्ने मुअकर तथा आयकरको मात्रामा कमी आएको तथा न्युन विजकिकरण समेत भएको छ भने</td><td>३,११३,०१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मू.अ.कर विलको परिमाण घटी हुँदा गुणस्तरमा सम्झौता भएको हुन सक्ने अवस्था छ। अतः पालिकाको लागत अनुमान भन्दा देहायअनुसार रु ३११३०१५। को घटी विजक ( जसवाट मुअकर विजक वेगर नै रु १५५२६७८। मुअकर भुक्तानी भएको) पेश गरेकोले उक्त फरक रकम असुल गर्नुपर्ने रु .. | |

| भौ.नं. | योजना/ उपभोक्तासमितिको नाम | विवरण | खरिद सामग्री | मूल्याङ्कन अनुसारहुनुपर्ने परिमाण | मुल्यांकन अनुसारको दर (मुअकर समेत) | मुल्यांकन अनुसारआवश्यक कर विजक | उपभोक्ताले पेश गरेकोविजक | उपभोक्ताले पेश गरेकोखरिदको दर | वढि भुक्तानी | फरक रकमको मुअकर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५३ | नौविसेजाकीडोल वि पि राजमार्ग सडक निर्माण उ स | पिसिसि एम २० २२५.०६ घमि | सिमेन्ट | १५४८.४१२८ | ८५८.८ | १३२९७७७ | १०८०१८९ | ५९९ र ७१० | २४९५८८ | २८७१४ |
| | | स्टोन सोलिङ १८२।१२घनमि | ढुंगा | २१८.५४४ | २२६० | ४९३९०९ | मुअकर विजक नभइ भर्पाइमात्र | २००० | ५६८२१ | ५६८२१ |
| | | पिसिसि एम २० २२५.०६ घमि | वालुवा | १०१.२७७ | २२०३.५ | २२३१६४ | रु २७९७२८। को मात्रमुअकर विजक वाँकी प्यान विल | | ७११७२ | ७११७२ |
| | | पिसिसि एम २० २२५.०६ घमि | गिट्टी | २०२.५५४ | ३३३३.५ | ६७५२१४ | | | | |
| ३६७ | भटमासे ढाँडेखोला मोवा उ स | स्टोन सोलिङ ८४।२४घनमि | ढुंगा | १०१.०८८ | २०३४ | २०५६१३ | ८५५०० को मात्र मुअकरविल । | | १३८१८ | १३८१८ |
| | | pcc M १० १७.५५ m३ and Pcc M१५ ४३.८८ m३ | सिमेन्ट | ३१३.१७७१६ | ८५८.८ | २६८९५७ | २३७२५० | ७३० | ४०३३७ | ४६४१ |
| ३८१ | श्री प्राणनाथ माइतीवृद्दाश्रम | व्रिक वर्क २७.१६ m३ | इट्टा | १५२०९.६ | १६.९५ | २५७८०३ | नभएको | ० | २५७८०३ | २९६५९ |
| | | sal wood for door and window ३.२५ m३ | काठ | ३.२५ | १५३३५५.६८ | ४९८४०६ | २५१२५३ | | २४७१५३ | २८४३४ |
| ४०८ | काफलटार मो वा निर्माणउस | pcc M१० १.३३ m३ and Pcc M१५ ८०.८६ m३ | सिमेन्ट | ४५१.४१४०२ | ८५८.८ | ३८७६७४ | ३५३४६४ | ७६८.४ | ४०८०८ | ४६९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | pcc M१० १.३३ m३ and Pcc M१५ ८०.८६ m३ | गिट्टी | ७३.९७१ | ३३३३.५ | २४६५८२ | भर्पाइ मात्र रहेको | | २८३६८ | २८३६८ | |
| | | | | | स्टोन सोलिङ ५४।२४ घन मि | ढुंगा | ६५.०८८ | २०३४ | १३२३८९ | ५२२५० | | ८०१३९ | ९२२० | |
| | | | ४६१ | वुद्द विहार भवन अधुरोनिर्माण कार्य | ब्रिक वर्क १४।७२ m३ | इट्टा | ८२४३.२ | १६.९५ | १३९७२२ | ९०४०० | ११.३ | ४९३२२ | ५६७४ | |
| | | | ५०५ | वडाका विभिन्न वाटोग्राभेलीङ उ स पनौती | स्टोन सोलिङ ४९।२१ घमि | ढुंगा | ५९.०५२ | २२६० | १३३४५८ | मुअकर विजक ४५०००। कोमात्र वाँकी भर्पाइ | | १०१७७ | १०१७७ | |
| | | | | | ग्राभेल ३१७.८३ घन मि | ग्राभेल | ४०६.८२२४ | ७९१ | ३२१७९७ | मुअकर विजक २८०००। कोमात्र। वाँकी भर्पाइ | | ३४६०५ | ३४६०५ | |
| | | | ५११ | रिसोर्ट चोक लामाटोलसडक निर्माण उ स | स्टोन सोलिङ ५२।७३ घमितथा स्टोन मेशनरी ३२।७४ घमि | ढुंगा | १००.९२७ | २२६० | २२८०९५ | ढुंगाको मुअकर विजक९२५००। वाँकी भर्पाइ | | १५५९९ | १५५९९ | |
| | | | ५१० | डाँडागाउँ लामाथोकसिंडी निर्माण तथा लडुक पौवा मो वा उ स | स्टोन सोलिङ ५६।४४ घमितथा स्टोन मेशनरी २९।७८ घमि | ढुंगा | १०१.९७५ | २२६० | २३०४६४ | ढुंगाको मुअकर विजक१०६२२०। वाँकी भर्पाइ | | १४२९४ | १४२९४ | |
| | | | ५४४ | देउराली वन्जारागाउँमो वा निर्माण उ स | स्टोन सोलिङ २०।१२ घमितथा स्टोन मेशनरी १०८।६१ घमि | ढुंगा | १४९.०४५५ | २२६० | ३३६८४३ | भर्पाइ मात्र रहेको | | ३८७५२ | ३८७५२ | |
| | | | ५७४ | | | | | | ० | | | | | |
| | | | ६२९ | भिमसेनमार्ग खत्रीगाउँमो वा उ स | पिसिसि एम २० २०।४५घमि र | सिमेन्ट | ३७४.३५६१५ | ८५८.८ | ३२१४९७ | ३१४९९५ | ७०० | ५९४४८ | ६८३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्लम कंक्रिट ७०।७४ घमि | | | | | | | | |
| ६१५ | ठाडोखोला चुनढुंगाछिनाभन्ज्याङ सडक उ स | स्टोन सोलिङ १०२।३७घनमि | ढुंगा | १२२.८४४ | २२६० | २७७६२७ | ढुंगाको मुअकर विजक७२७५०। बाँकी भर्पाइ | | २३५७० | २३५७० |
| ६५७ | चामखर वाटो निर्माण उस | स्टोन मेशनरी १३८।६०घमि | ढुंगा | १५९.३९ | २२६० | ३६०२२१ | ढुंगाको मुअकर विजक१६५०००। बाँकी भर्पाइ | | २२४५९ | २२४५९ |
| ६८९ | भालेश्वर वादलपाखापाल्माथाङ गुम्वा वाटो ढलान उ स | पिसिसि एम २० ४०।९०घमि | सिमेन्ट | २८१.३९२ | ८५८.८ | २४१६५९ | १९२००० | ६४० | ६१५६९ | ७०८३ |
| ७०५ | पोखरीडाँडापानीट्यांकी गुर्दुमडाडा मो वा उ स | स्टोन सोलिङ १३३।६६घनमि | ढुंगा | १६०.३९२ | २२६० | ३६२४८६ | ढुंगाको मुअकर विजक२०३५००। बाँकी भर्पाइ | | १८२९० | १८२९० |
| | | ग्राभेल ३३८।३१ घन मि | ग्राभेल | ४३३.०३६८ | ७९१ | ३४२५३२ | भर्पाइ मात्र रहेको | | ३९४०६ | ३९४०६ |
| ७२५ | धुमाल खोल्चा जिप ढलाननिर्माण उ स | स्टोन सोलिङ ५।०५ घ मितथा स्टोन मेशनरी ५८।५३ घमि | ढुंगा | ७३.३६९५ | २२६० | १६५८१५ | ढुंगाको मुअकर विजक ५५०००। बाँकी भर्पाइ | | १२७४९ | १२७४९ |
| ४११ | सिंगेपाटी नौविसे सडक | स्टोन सोलिङ ७१।०२ घमि तथा प्लम कंक्रिट १६०।१७ घमि | ढुंगा | १५५.६९८८ | २२६० | ३५१८७९ | रु ६८६०००। को भर्पाइ मात्र समावेश | | ४०४८२ | ४०४८२ |
| | | प्लम कंक्रिट १६०।१७ घमि तथा पिसिसि एम १५ ४७।३४ घमि | वालुवा | ६९.१९३८३ | २२०३.५ | १५२४६९ | | | १७५४१ | १७५४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गिट्टी | १२७.०१५५९ | ३३३३.५ | ४२३४०६ | | | ४८७१० | ४८७१० |
| | | | सिमेन्ट | ८५३.३३०३८ | ८५८.८ | ७३२८४० | ६२२७५२.१५३ | ७२८.३६५०९१२ | १११३०४ | १२८०५ |
| ५१२ | दाहालटार इटे सडक निर्माण उ स | स्टोन सोलिङ २६।१० घमि तथा प्लम कंक्रिट ५४।२३ घमि | ढुंगा | ५५.१८१२ | २२६० | १२४७१० | रु ५५२०००। को भर्पाइ मात्र समावेश | | १४३४७ | १४३४७ |
| | | पिसिसि एम १५ १३।०५ घमि तथा प्लम कंक्रिट ५४।२३ घमि | वालुवा | २२.०८७२७ | २२०३.५ | ४८६६९ | | | ५५९९ | ५५९९ |
| | | | गिट्टी | ४०.३२४२१ | ३३३३.५ | १३४४२१ | | | १५४६४ | १५४६४ |
| ५२७ | घिमिरेपुल वडारे मोटरवाटो निर्माण उ स | स्टोन सोलिङ १५२।३६ घमि तथा प्लम कंक्रिट ७।४४ घमि | ढुंगा | १८६.१०५६ | २२६० | ४२०५९९ | ढुंगाको मुअकर विजक ३६२१६५। वाँकी भर्पाइ | | ६७२२ | ६७२२ |
| | | पिसिसि एम १५ २२९।५४ घमि तथा प्लम कंक्रिट ७।४४ घमि | वालुवा | १०५.५१७५६ | २२०३.५ | २३२५०८ | मुअकर विजक १२५०००। वाँकी भर्पाइ | | १२३६८ | १२३६८ |
| | | | गिट्टी | २१०.५०६८८ | ३३३३.५ | ७०१७२५ | मुअकर विजक १७८०००। वाँकी भर्पाइ | | ६०२५२ | ६०२५२ |
| | | | सिमेन्ट | १२९१.६०४७८ | ८५८.८ | ११०९२३० | ९४७८२२ | ७२७.९७३८८६३ | १६८९७६ | १९४४० |
| ५३५ | पिपलवोट छिरेखोल्सा मो वा उ स | स्टोन मेशनरी २७५।७२ घमि, प्लम कंक्रिट ७०।३० घमि तथा स्टोन सोलिङ ३५।७२ | ढुंगा | ३९०.८७४ | २२६० | ८८३३७५ | रु ३३३५४८ को मात्र कर विजक वाँकी भर्पाइ | | ६३२५४ | ६३२५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घमि | | | | | | | | |
| ५५२ | लज्जावती सिद्दार्थ वनस्थली उकालो ढलान सडक स्तरोन्नती | स्टोन सोलिङ, पिसिसि आदिको काम | विभिन्न | | | ० | ढुंगा, गिट्टी वालुवा आदिको विल मध्ये रु ३२५४४०। को भर्पाइ मात्र रहेकोमा मुअकर भुक्तानी | | ४२३०७ | ४२३०७ |
| ५२८ | मल्पीचोक ड्याम साइड सडक निर्माण उ स पनौति | प्लम कंक्रिट ७३।६५ घमि तथा स्टोन सोलिङ ११७।७१ घमि | ढुंगा | १७३.६५८ | २२६० | ३९२४६७ | रु ७४७०२०। को विल भर्पाइ मध्ये रु २५५५२० को मात्र कर विजक | | ११२००८ | ११२००८ |
| | | पिसिसि एम १५ ८।०६ घमि, पिसिसि एम २० १५६।९७ तथा प्लम कंक्रिट ७३।६५ घमि | वालुवा | ९६.२८४८५ | २२०३.५ | २१२१६४ | | | | |
| | | | गिट्टी | १८७.३४०५५ | ३३३३.५ | ६२४५०० | | | | |
| | | | सिमेन्ट | १३९६.८४५०२ | ८५८.८ | ११९९६११ | ११८४००५ | ७४०.००३१२५ | १६५९४१ | १९०९१ |
| ६५९ | वासघारी उकालो ढलान कार्य | स्टोन सोलिङ, पिसिसि, प्लम कंक्रिट आदिको काम | विभिन्न | | | | ढुंगा, गिट्टी वालुवा आदिको विल मध्ये रु ७४५०००। को भर्पाइ मात्र रहेकोमा मुअकर भुक्तानी | | ९६८५० | ९६८५० |
| ७२१ | वोलखे गाउँखर्क सडक निर्माण उ स पनौती २ | स्टोन सोलिङ २४६।८७ घमि | ढुंगा | २९६.२४४ | २२६० | ६६९५११ | ढुंगामा रु २०८५००। को मात्र भ्याट विल वाँकी भर्पाइ | | ५३०३७ | ५३०३७ |
| | | पिसिसि एम १५ २४६।८७ घमि | वालुवा | १११.०९१५ | २२०३.५ | २४४७९० | रु १५२५००। को मात्र भ्याट विल | | १०६१७ | १०६१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वाँकी भर्पाइ | | |
| | | | गिट्टी | २२२.१८३ | ३३३३.५ | ७४०६४७ | रु १०६०००। को मात्र भ्याट विल | | ६७६६३ | ६७६६३ |
| | | | सिमेन्ट | १३५९.५१३०९ | ८५८.८ | ११६७५५० | १०१६३६० | ७४७.३२३५२९४ | १५१५५४ | १७४३५ |
| ७२२ | ठुलागाउँ पिपलवोट महाकाल मन्दीर मो वा निर्माण उ स | स्टोन सोलिङ १८।७७ तथा स्टोन मेशनरी २२७।६४ घमि | ढुंगा | २८४.३१ | २२६० | ६४२५४१ | ५६३३०० | | ७९२४१ | ९११६ |
| ६४४ | मगरगाउँ वाटो पनौती १२ मो वा उ स | स्टोन सोलिङ, पिसिसि, प्लम कंक्रिट आदिको काम | विभिन्न | | | | ढुंगा, गिट्टी वालुवा आदिको विल मध्ये रु ८१०८१५। को भर्पाइ मात्र रहेकोमा मुअकर भुक्तानी | | १०५४०६ | १०५४०६ |
| ५८१ | ओमडाँडा देवीस्थान पर्यटकिय सडक निर्माण उ स | स्टोन सोलिङ, पिसिसि, प्लम कंक्रिट आदिको काम | विभिन्न | | | | ढुंगा, गिट्टी वालुवा आदिको विल मध्ये रु ७१८५००। को भर्पाइ मात्र रहेकोमा मुअकर भुक्तानी | | ९३४०५ | ९३४०५ |
| ५९८ | कपालकोट गौडाडरको वाटो ढलान कार्य उ स | स्टोन सोलिङ, पिसिसि, प्लम कंक्रिट आदिको काम | विभिन्न | | | | ढुंगा, गिट्टी वालुवा आदिको विल मध्ये रु ६४४०००। को भर्पाइ मात्र रहेकोमा मुअकर भुक्तानी | | ८३७२० | ८३७२० |
| | जम्मा | | | | | ० | | | ३११३०१५ | १५५२६७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **उपभोक्ता समितिको भुक्तानीमा कर कट्टी नगरेको** आयकर ऐन, २०५८ को दफा ८९ ३(क) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको रु ५० लाख भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले पैदलयात्रु पुल निर्माणको लागि त्रिवणीघाट भिमसेनस्थान जाने | १००,०९६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र पनौती गेटबाट तरकारीबजार जाने पैदल यात्रु पुल निर्माण कार्य उपभोक्ता समितिलाइ भौ नं ५ तथा २१० वाट रु ६६,७३,०७८। भुक्तानी गरेकोमा १.५ प्रतिशत कर रु १०००९६। कट्टी नगरेको उक्त रकम असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>ढुंगाको प्रयोगः<br>कार्यालयले विभिन्न स्थानको वाटो वनाउदा कडा चट्टान देखिएकोमा उक्त चट्टान काटने काम गरेको देखिन्छ। यसरी ढुंगा निस्कनेमा ढुंगाको प्रयोग देखाएको छैन। प्रदेश आर्थिक ऐनमा गिट्टी ढुंगा वालुवाको प्रति घन फिट दर रु ९। (प्रति घनमिटर रु ३१८) कायम गरेकोमा वाटो वनाउने काममा त्यस्ता ढुंगा निस्केकोमा रोयल्टी समेत संकलन गरेको देखिदैन भने सडक विभागको नर्म्समा ढुंगा प्रयोगमा आउन सक्ने अवस्थामामाटो काट्ने कामको ५० प्रतिशत रकम राखी दर विश्लेषण गर्नुपर्ने उल्लेख छ। उदाहरणको रुपमा पालिकाले देहायका काममा कडा चट्टान ३३५६.८८ घनमिटर काटने काम गरी ६७५।२९ ले रु २२६६८६८। को कामको मुल्यांकन गरेको छ। उक्त चट्टान कम्तिमा आधा प्रयोगमा आउने अवस्थामा समेत प्रति घनमिटर रु ३१८। को दरले ५३३७४३। रोयल्टी आम्दानी हुन सक्ने देखिन्छ भने सडक विभागको नर्म्स अनुसार सडकको संरचना, तारजाली, वाल आदिमा उक्त ढुंगा प्रयोग हुने अवस्थामा ३३५६.८८घनमिटरको रु ३३७.६४ ले हुने रकम रु ११३३४३३। वचत हुने हुँदा यसै अनुसार काम गर्नुपर्नेमा यसतर्फ विचार नै नगरी प्रयोगविहिन राखु उचित देखिएन। यसलाइ समेत स्थानीय तहको आम्दानीको रुपमा प्रयोग गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौ नं</th><th>योजनाको नाम</th><th>कडा ढुंगाको परिमाण</th><th>कडा ढुंगाको मुल्यांकन रकम</th><th>५०% प्रयोगमा आउदाको रोयल्टी</th><th>सडक विभागको नर्म्स अनुसार ५०% प्रयोगमा आउदा वचत हुने रकम</th></tr>
<tr><td>५०३</td><td>वहिरा महादेव तोरिखोरीया पोखरीडाँडा मो वाटो उ स</td><td>१५१८.३</td><td>१०२५२९३</td><td>२४१४०९</td><td>५१२६४६</td></tr>
<tr><td>७३४</td><td>रोशी गोठखोला किमडोल सडक निर्माण उ स</td><td>१८३९</td><td>१२४१५७५</td><td>२९२३३४</td><td>६२०७८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३५६.८८</td><td>२२६६८६८</td><td>५३३७४३</td><td>११३३४३३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>स्थान उल्लेख नगरी मुल्यांकनः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक जाँचपास गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले भौ नं ६०१ वाट रु ४१०३४८। का १५ थान ह्युमपाइप खरिद गरेको छ भने भौ नं ६२३ वाट रु ४९०४२०। का २*१*१ का १४० थान तारजाली खरिद गरेको छ। उक्त सामानहरु खरिद गरी सम्वन्धित फर्मलाइ भुक्तानी दिएकोमा जिन्सी दाखिला गरेको छैन भने नापी भएको मात्र देखाएको तर ठाउ उल्लेख नै नगरेको अवस्था छ। खरिद गरेका सामानहरु जिन्सी दाखिला गरी प्रयोग भएको योजना तथा स्थान समेत खुल्ने गरी नापी किताव तयार गर्नुपर्दछ। | |
| ६१ | | | **सामान खरिदको काम उपभोक्ता समितिमार्फत गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माणको कार्य मात्र उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। पालिकाले मकरमेलालाई लक्षित गरी पैदल यात्रु पुल निर्माणको लागि त्रिवणीघाट भिमसेनस्थान जाने र पनौती गेटबाट तरकारीबजार जाने पैदल यात्रु पुल निर्माण कार्य उपभोक्ता समिति लाइ भौ नं ५ तथा २१० वाट रु ६६,७३,०७८। भुक्तानी गरेको छ। उक्त काम आ व २०७७।७८ मा नै सम्पन्न गर्नुपर्नेमा नगरेको कारण यस आर्थिक वर्षमा भुक्तानी भएको देखिन्छ। जसवाट ३ वटा पैदल यात्री पुल निर्माण भएकोमा स्टील पार्टस, आइरन वर्क, जि आइ नट वोल्ट वासर आदि खरिदमा मात्र रु ५४६०६४८। भुक्तानी भएको छ। सामान खरिदको काम उपभोक्ता समितिमार्फत गराउन नहुनेमा उक्त खरिदको काम समेत उपभोक्ता समितिमार्फत गराएको छ। संघीय मामिला मन्त्रालयको समन्वयमा trail bridge support unit ले स्थानीय तहमार्फत पुल वनाउदा स्टील पार्टस सबै वोलपत्रवाट खरिद गर्ने र वाँकी निर्माणको काममात्र उपभोक्ता समितिमार्फत गराउने गरेकोमा पालिकाले गरेको काममा खरिद लगायतको सबै काम उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियममा भएको व्यवस्थाको विपरीत हुने गरी उपभोक्तावाट काम गराउनु उचित नदेखिएको रु | ६,६७३,०७८ |
| ६२ | | | **मानेश्वरी वसपार्क खानेपानी योजना**<br>यस योजनाको लागि पालिकाले भौ नं ४२२, ४९१ लगायतवाट रु ९७५०००। भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्: | |
| ६२.१ | | | **मेशिनलेमाटो पुरेकोमा खनेको काम मानिसलेदेखाइभुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले पनौती बसपार्क खानेपानी उ स लाई खानेपानी पाइपलाइनको लागि माटो पुर्ने काम ३१२.७६ घनमिटर भएकोमा उक्त काम मेशिन | १४५,३३२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रयोग गरेको उल्लेख गरेको छ भने ३४१.१९ घनमिटर माटो खन्ने काम मानिसले गरेको देखाइ प्रति घनमिटर रु ६११.१३ ले रु २०८,५११।४४ को मुल्यांकन गरी भौ नं ४२२ तथा ४९१ वाट खर्च लेखेको छ। माटो पुर्ने काम मेशिनले गरेकोमा खन्ने काम समेत मेशिनवाट गर्नुपर्नेमा मेनुअल नर्म्स प्रयोग गरी देहायअनुसार वढी भुक्तानी गरेको वढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>परिमाण (घ.मी.)</th><th>लिइएको दर</th><th>जिल्ला दररेट अनुसार लिनुपर्ने दर</th><th>फरक दर</th><th>कार्यालयको योगदान %</th><th>वढी रकम</th></tr>
<tr><td>३४१.१९</td><td>६११.१</td><td>६५.७</td><td>५४५.४</td><td>७८.१</td><td>१४५३३२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>माटो पुर्ने काममा वढी दरको प्रयोगः पालिकाले माटो पुर्ने काम मेशिनवाट गरेको देखाएको छ। दर विश्लेषण परिक्षण गर्दा Providing , laying, spreading and compacting embankment with roadway cutting and compact to the required density material as per drawing and technical specification (Machine) को नर्म्स प्रयोग गरेको देखिन्छ। जसमा १ घनमिटरको कामको लागि पानीमा मुअकर समेत रु ९४.९२ राखेको छ भने भाइब्रेटर रोलर र मोटर ग्रेडर समेत प्रयोग गरेको देखाएको छ। खानेपानीको पाइप पुर्ने काम मात्र भएकोमा सडक वनाउन प्रयोग गर्ने भाइब्रेटर रोलर र मोटर ग्रेडर प्रयोग गर्न नपर्ने अवस्थामा वढी दररेट राख्दा वढी रकम भुक्तानी भएको छ। माटो खन्ने काममा खर्च हुने नर्म्स भन्दा पुर्नेमा कम हुनेमा खन्ने कार्यको हिसावले गणना गर्दा समेत देहायअनुसार वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>परिमाण (घ.मी.)</th><th>लिइएको दर</th><th>जिल्ला दररेट अनुसार लिनुपर्ने दर</th><th>फरक दर</th><th>कार्यालयको योगदान %</th><th>वढी रकम</th></tr>
<tr><td>३१२.७६</td><td>२६१.६७</td><td>६५.७</td><td>१९६.</td><td>७८.१</td><td>४७८६९</td></tr>
</table></td><td>४७,८६९</td></tr>
<tr><td>६२.३</td><td></td><td></td><td>पाइप खरिदको विल कम भएकोः साथै यस कामको लागि ९० एमएम को १० केजी प्रेशरको ८७७ मिटर (प्रति रनिङमिटरको रु ५१४.९३ को दरले ४५१५९४) एचडिपि पाइप प्रयोग भएको देखाएको तर विल परिक्षण गर्दा ८०० मिटरको मात्र विल रहेको देखिएको हुँदा वाँकी ७७ मिटरको रु ३९६५०। वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु</td><td>३९,६५०</td></tr>
<tr><td>६२.४</td><td></td><td></td><td>पाइप खरिदको विल नभएकोः साथै यस कामको लागि ११० एमएम को १० केजी प्रेशरको ४३५ मिटर (प्रति रनिङमिटरको रु ७६१.५९ को दरले रु ३३१२९२) एचडिपि पाइप प्रयोग भएको देखाएको तर खरिदको विजक नभएकोले उक्त खरिदको कर विजक पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु .</td><td>३३१,२९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **रोशी चिण्डु दारिमबोट मोटरबाटो तथा रोशी करिडोर माटो कटिङ फिलिङ ग्राभेल**<br>यस कार्यको लागि रु.८०६७३८०।— लागत अनुमान तयार गरी विभिन्न ८ वटा खानी उद्योगहरुको प्रतिनिधिसँग सम्झौता गरी कार्य गराई रु.३० लाख भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छनः | |
| ६३.१ | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम नियमानुसार गठन भएको उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्नेमा निजी क्षेत्रका नाफामुलक उद्योगहरुसँग सौझै सम्झौता गरी कार्य गराएको नियमित देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।<br>• सडक निर्माण कार्य गराउँदा दोहोरो नपर्ने गरी चेनेज खुलाई कार्य गर्नुपर्दछ । प्रस्तुत योजनामा पर्ने सडक खण्डभित्र ड्यामसाइड भालेश्वर पुल बैकल्पिक मोटरबाटो, भालेश्वर पुल रोशीबजार बैकल्पिक मोटरबाटो ढलान, भालेश्वर पाल्सिको बोक्सेदह बैकल्पिक मोटरबाटो लगायतका योजना कार्यान्वयनको चरणमा रहेकाले उक्त योजनाहरुबाट कार्य गराउनुपर्नेमा डुब्लिकेशन हुने गरी कार्य गराएको छ । निर्माण कार्य गराउँदा डुब्लिकेशन नहुने गरी गराउनेतर्फ ध्यान पुर्‍याउनुपर्दछ । | |
| ६३.२ | | | • **बढी भुक्तानीः** रोशी चिण्डु दारिमबोट मोटरबाटो तथा रोशी करिडोर माटो कटिङ फिलिङ ग्राभेल कार्यको लागि रु.८०६७३८०।— को लागत अनुमान तयार गरी उक्त कार्यमा लाग्ने तेलको मात्र भुक्तानी गर्ने शर्त राखी रु ३००००००।—सम्मको तेलको रकम पालिकाले बेहोर्नेगरी पालिका र विभिन्न ८ खानी उद्योगको तर्फबाट भालेश्वर रोडा ढुङ्गा उद्योगका बीचमा सम्झौता भएको छ । उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदनबमोजिम सम्पन्न कार्यको दर विश्लेषणबमोजिमको तेलको परिमाण यकिन गरी सो बराबरको रकम भुक्तानी गर्नुपर्नेमा पेश भएको बिलबमोजिमको तेलको रकम तेल आपूर्तकलाई भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रकम पालिकासँग सम्झौता गर्नेबाट असुल गर्नुपर्ने रु. | १,४४८,७७९ |

| सि.नं. | काम | आइटम | परिमाण घन मिटर | दरविश्लेषण बमोजिमको तेल खपत | जम्मा तेल खपत | भुक्तानी भएको परिमाण | बढी परिमाण | बढी भुक्तानी प्रतिलिटर रु११९.९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | रोशी चिण्डु दारिमबोट मोटरबाटो | Road Way Excavation in all type of soil….. | ४०७७१.८२ | ०.१५२ | ६१९७.३२ | | | |
| | | Road Way Excavation in | २८६.४४ | ०.१५२ | ४३.५८ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Hard Rock with Breakers….. | | | | | | |
| | **जम्मा** | | | | ६२४०.९० | ८५०० | २२५९.१० | २७०८७६ |
| २ | **रोशी करिडोर माटो कटिङ फिलिङ ग्राभेल** | Road Way Excavation in all type of soil….. | ५४७९.०२ | ०.१५२ | ८३२.८१ | | | |
| | | Road Way Excavation in Ordinary Rock with Breakers….. | ८६०.७९ | ०.१५२ | १३०.८४ | | | |
| | | Road Way Excavation in Hard Rock with Breakers….. | ४७०.३९ | ०.१५२ | ७१.५० | | | |
| | | Providing, laying, spreading and compacting embankment with borrow material… | ५६३४.६४ | ०.३८ | २१४१.१६ | | | |
| | | Providing, laying, granular sub-base/ local gravel on prepared surface … | २२३९.६२ | ० | ० | | | |
| | **जम्मा** | | | | ३१७६.३१ | १३००० | ९८२३.६९ | ११७७९०३ |
| **कुल जम्मा** | | | | | | | | १४४८७७९ |

| | | | | |
|---|---|---|---|---|
| ६४ | | | **नमुना विद्यालय** | |
| ६४.१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को ८.२ मा विद्यालयको भौतिक पुर्वाधार निर्माणको लागि स्थानीय तहको प्राविधिकको सहभागितामा विद्यालयको लागि छुट्टाछुट्टै लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । भालेश्वर माध्यमिक विद्यालयले नमुना विद्यालय कार्यक्रम अन्तर्गत प्राप्त बजेटको लागि विद्यालयले पेश गरेको कार्ययोजना अनुसार क्यान्टिन हल र बहुद्देश्यीय हल निर्माण गर्ने कार्यक्रम पेश गरेको छ । उक्त कार्यको लागत अनुमान कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम स्थानीय तहले स्वीकृत नगरी विद्यालय आफैंले लागत अनुमान स्वीकृत गरी निर्माण कार्य शुरुवात गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाबमोजिम पालिकाले लागत अनुमान स्वीकृत गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | पालिकाले भालेश्वर माध्यमिक विद्यालयलाई यस वर्ष नमुना विद्यालय कार्यक्रम अन्तर्गत रु. १ करोड ५० लाख २५ हजार रकम निकाशा गरेकोमा विद्यालयले उक्त रकमबाट भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन लगायतका प्रतिवेदन पेश नभएकाले उक्त रकमको कार्यसम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. | १५,०२५,००० |
| ६५ | | | **दिवा खाजा**<br>वित्तीय हस्तान्तरण मार्फत शशर्त अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०७८।७९ को शिक्षातर्फको शसर्त कार्यक्रम कार्यान्वयन पुस्तिकामा पालिकाले दिवा खाजावापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयले पठाएको हाजीरी विवरणको सारांशको लिएपनि एकमुष्ट रुपमा विद्यालयलाई निकासा दिएको पाइयो ।त्यस्तै तेस्रो किस्ता निकासा गर्दा प्रथम तथा दोस्रो किस्ताको रकमको सदुपयोग भए नभएको यकिन गरेको पाइएन । यस वर्ष पालिकाले ३६ विद्यालयहरुलाई दिवाखाजा बापत रु. ५४,६६,०१५।- निकासा गरेकोमा अधिकांस विद्यालयले विद्यार्थी उपस्थितिको अभिलेख नपठाएको र केही विद्यालयको हाजिरी विवरण हेर्दा हाजीरी अभिलेखलाई आधार नलिई सतप्रतिशत रकम निकासा गएको पाइएकोले दिवा खाजा अनुदानको रकम यथार्थमा आधारित भएर निकासा दिएको पाइएन । दिवा खाजा रकम विद्यार्थीको हाजीरी पालिकाबाटै छानवीन गरी अनुदान बढी भुक्तानी भए नभएको यकिन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सेनिटरी प्याड**<br>सेनिटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ को दफा ३(४) मा प्राप्त बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाई अनुसूची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानूनबमोजिम खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले कार्यविधिको व्यवस्था विपरीत विद्यालयहरुलाई प्राप्त भएको रकमलाई विद्यार्थी संख्याको आधारमा दामासाहीले रु. १५९१०००।-रकम नै विद्यालयको खातामा निकासा दिएको छ। यसरी रकम नै निकासा दिंदा कार्यविधिले तोकेबमोजिमको गुणस्तरको सेनिटरी प्याड खरिद भए नभएको यकिन नभएको हुन सकेन । प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्नेमा राखेको प्रमाण पेश नभएको , खरिद गरेका प्याडहरु तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तर जाँच गरेको प्रमाण नरहेको, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्ने लगायतका कार्य गर्नुपर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । साथै उक्त विद्यालयले खरिद गरेकोमा उक्त खर्चका विल भर्पाइ पेश समेत गरेको छैन। कार्यबिधिले तोकेअनुसार व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ६७ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले विभिन्न प्रक्रियाबाट रु.२०६१६८२।- का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:<br>क. खरिद गरिएका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>ख. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा निरीक्षण प्रतिवेदन राखे नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>ग. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>घ. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>ङ. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| ६८ | | | **कृषि तथा पशु अनुदान**<br>यस पालिकाले कृषि तथा पशुका क्षेत्रमा प्याडल थ्रेशर, कर्नसेलर, मिनी ट्रिलर लगायतका मेसिनरी औजार, पाडापाडी, माहुरी घार लगायतको वितरण समेतमा सशर्त अनदान तर्फबाट रु.१३५१५०००।— तथा आन्तरिक स्रोततर्फ रु.११८६८३३३।— समेत गरी रु.२५३८३३३३।- को अनुदान वितरण गरेको छ । वितरीत अनुदानबाट किसानको उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वमा परेको प्रभावको अध्ययन गर्नुपर्दछ । एकिकृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ ।सो बेगर अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई बितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिएन । अनुदान दिएको रकमबाट उत्पादनमा हुने वृद्धि, रोजगारी तथा स्वरोजगारीमा वृद्धि हुने एवम् लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुशरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ। साथै बितरित अनुदान रकमको स्पष्ट अभिलेख र कार्य सम्पादन अवस्थाको यथार्थताको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ। बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्नुपर्दछ । | |
| ६९ | | | **सामाजिक सुरक्षा** | |
| ६९.१ | | | सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को परिच्छेद ७ र ८ मा बैकिङ प्रणाली मार्फत भत्ता बितरण तथा भत्ता बितरण गरे पछि बचेको रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत रु.१७१६३३१७३।- भुक्तान गरेको छ । सामाजिक सूरक्षा भत्ता प्रदान गर्दा समयमा तथ्याङ्क अध्यावधिक हुने गरेको देखिएन । सूचना प्रणालीमा लाभग्राहीको फोटो, नागरिकताको प्रमाणपत्रसमेतका कागजात तथा तथ्याङ्कअद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६९.२ | | | **दोहोरो परेका लाभग्राहीः** कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ । एम आई एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने र दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु | २२६,७५२ |

| क.स. | व्यक्तिगत परिचय नं. | वडा नं. | लाभग्राही नाम | प्रथम त्रैमासमा रकम भुक्तानी | वार्षिक बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०१९०६२२००४४७\ २०१९०६२२००२१५ | १ | हरि प्रसाद सापकोटा | ६३८४ | २५५३६ | पूर्ण अपाङ्ग र अति अशक्तको भत्ता गएको |
| २ | २०२००५०२०१९०२\ २०२००५०२०००९७७ | १ | कान्छो सापकोटा | ६३८४ | २५५३६ | पूर्ण अपाङ्ग र अति अशक्तको भत्ता गएको |
| ३ | २००४०१०३०६२६४\ २००४०१०३०१८९१ | २ | सुभद्रा हुमागाई | ७९८० | ३१९२० | |
| ४ | २००८१२२९०६१६८\ २००८१२२९०६१८४ | ३ | कृष्ण प्रसाद सापकोटा | १२००० | ४८००० | |
| ५ | २०१८०८१८०१४२५\ २०१८०८२८००६२४ | ४ | गुण कुमारी खत्री | ७९८० | ३१९२० | |
| ६ | २०१८०९१९००९६९\ २०१८०९१९०१००९ | ७ | श्याम कुमारी थोकर | ७९८० | ३१९२० | |
| ७ | २०५१०६०८०२१२२\ २०५१०६०८०२०७२ | ७ | अनिता देउला पोडे | ७९८० | ३१९२० | |
| | | | | जम्मा | २२६७५२ | |